# जनवादी राष्ट्रिय प्रजातन्त्र

## (नेपाल कम्युनिष्ट पार्टीका महासचिव तुल्सीलाल अमात्यद्वारा राष्ट्रिय सम्मेलनमा पेश गरी सो सम्मेलनद्वारा स्वीकृत)

सम्मेलनको अवधि : २०४७ पौष १६ गतेदेखि पौष पौष १८ गतेसम्म, ललितपुर ।

## नेपाल कम्युनिष्ट पार्टीको राष्ट्रिय सम्मेलनमा पार्टीका महासचिव तुल्सीलाल अमात्यले प्रस्तुत गरी राष्ट्रिय सम्मेलनले पास गरेको राजनीतिक प्रस्ताव :

४९ वर्षको संघर्षपछि ४९ सै दिनको निर्णायक जनसंघर्षको फलस्वरूप नेपालमा प्रजातान्त्रिक व्यवस्थाको स्थापना भयो र जनतानै देशको सार्वभौम अर्थात देशको मालिक हो भन्ने कुरालाई संविधानले मान्यता दियो । संविधानले मान्यता दिनु र यसलाई व्यावहारिक रूप दिनुमा फेरी पनि अन्तर छ । मानिसले घर-खेतको मुद्दा अदालतमा जितेर, जितुवा पूर्जि पाइसकेपछि पनि विरोधी पक्षको जबरजस्ती र गुण्डागर्दीले गर्दा सो घर-खेत भोग गर्न नपाइने स्थिति पनि रहेको हुन्छ । अहिले नेपाली जनताको यही हाल छ ।

प्रजातान्त्रिक आन्दोलनमा जनताले जित हासिल गरे । संविधानको रूपमा जितुवा पूर्जि पनि पाइयो तर के जनता फेरी पनि व्यावहारिक रूपले देशको मालिक बने ? यो सवाल फेरी पनि हाम्रो अगाडि छ । हामीले जितेको यो प्रजातन्त्र पूँजीवादीहरू तथा सामन्ती शोषक प्रतिक्रियावादीको पेवा पनि बन्न सक्छ र यिनीहरूकै कर्तुतले यो स्वतन्त्र नेपाल साम्राज्यवादीहरू तथा विदेशी एकाधिकार पूँजीपतिहरूको शोषण क्षेत्र एक नव-उपनिवेशिक देश पनि बन्न जान सक्छ । हेर्दा स्वतन्त्र तर व्यावहारिक रूपले अर्काको गुलाम हरेक देशको खेत, खानी उद्योग र उद्यमहरू, कलकारखानाहरू, व्यापार र ठेक्का पट्टामा दिइने निर्माण कार्यहरू नै देशको अर्थव्यवस्थाका मूल आधार हुन् । यो कुरोहरू विदेशीको हातमा परे पछि देश र देशको जनताको स्वतन्त्र आर्थिक विकास कहिल्यै हुन सक्दैन र देश आर्थिक रूपले अर्काको गुलाम बन्न जान्छ । देश र जनता माथि शोषण-दमनको सीमा रहन जाँदैन । अर्थ व्यवस्था अर्काको हातमा गएपछि राजनीतिक व्यवस्था पनि उनीहरूकै कब्जामा जानेछन् । दक्षिण कोरियाको हातमा अर्थ व्यवस्था मूल जीवन नशाहरू अमेरिकाको हातमा छ यसैकारण अमेरिकाले आफ्नो स्वार्थ विपरित एक पाईला पनि चाल्न दिँदैन । दक्षिण कोरियामा आज ४५ हजार अमेरिकी फौज छ, दक्षिण कोरियाको सरकारले चाहेर पनि यो अमेरिकी फौज त्यो सरकारले त्यहाँबाट हटाउन सक्दैन । दक्षिण कोरियाली जनता उत्तर कोरियासँग मिल्न चाहन्छ तर अमेरिकी सरकारले कुनै हालतमा दुई कोरिया मिल्न दिन चाहँदैन ।

यसरी दक्षिण कोरिया हेर्दा स्वतन्त्र भए पनि भित्रबाट नदेखिने गरी अमेरिकाको कब्जामा छ । नव-उपननिवेशवादको यो नमुना हो ।

पूँजीवादी पार्टीहरू, खास गरी हाम्रो जस्तो पिछडिएको देशको सामन्ती तानाशाही पार्टीहरू तथा पूँजीवादी पार्टीहरूले आफ्नो देशको खेत, खानी, उद्योगहरू र उद्यमहरू व्यापार र निर्माण कार्यहरू विदेशीकै हातमा सुम्पने गर्दछन् र आफ्नो देशमा साना र घरेलु उद्योगहरू खोल्ने कुरामा मात्र जोड दिने गर्दछन् । पूँजीवादी पार्टीको समर्थक भएपछि कम्युनिष्टहरूले पनि यो भन्दा बढी सोच्न सक्दैन भन्ने कुरो पौष २७ गतेको उद्योग तथा बाणिज्य मन्त्री साहना प्रधानको भाषणले स्पष्ट गर्यो । (गोरखापत्र पौष २८)

साना र घरेलु उद्योगहरू मात्र खोलेर देशले कहिल्यै स्वतन्त्र आर्थिक विकास गर्न सक्दैन । यसैकारण अमेरिकी साम्राज्यवादीहरू यसैकारण निजी क्षेत्र र साना र घरेलु उद्योगको विकास गर्ने कुरोमा सीमित राखी हामीलाई आर्थिक रूपले मद्दत गर्ने गर्छन् र उनीहरू हामीलाई कृषि विकासको नाउँमा खेतबारीमा मात्र हाम्रो ध्यान केन्द्रित गराउँछन् । कृषि र साना उद्योगहरूले मात्र देशको पिछडापन कहिल्यै हट्ने छैन । कृषि विकास गर्नु छ, साना र गलेलु उद्योगहरू पनि केही हदसम्म काम लाग्छ, तर यतिले मात्र हुँदैन, हामीलाई ठूलठूला भारी उद्योगहरू, मातृ उद्योगहरू इञ्जिनियरिङ्ग उद्योगहरू, रासायनिक उद्योगहरू, मर्मत उद्योगहरू पनि जोडतोडका साथ विकास गर्नु छ र यस दिशामा हाम्रो देशमा पूँजीवादी पार्टीहरू र तिनका समर्थकहरूले सोच्न पनि सक्दैनन् । पैसाको खोजीमा उनीहरूले देशलाई ऋणमा डुबाउँदै जान्छन् ।

यसैकारण हामीलाई जहाँ ठूलठूला उद्योगहरूको पनि विकास गरी स्वतन्त्र आर्थिक विकास गर्नु छ अर्कोतिर आफ्नो देशको जनतालाई यी कुराहरूको सामूहिक रूपले मालिकको रूपमा स्थापना गर्नुछ । यसरी नै जनता आफ्नो देशको आर्थिक क्षेत्रमा पनि देशको मालिक बन्न सक्नेछ । पूँजीवादी प्रजातन्त्रले हामीलाई यो काम गर्न दिँदैन । पूँजीवादी प्रजातन्त्रअन्तर्गत पूँजीवादी सरकारले पूँजीवादी विकासको नाउँमा विदेशी पूँजी भित्र्याएर हाम्रो देशलाई नव-उपनिवेशिक देशमा बदल्ने हो । यस्तो पूँजीवादी सरकारले हाम्रो देशको राष्ट्रिय पूँजीपति वर्गको पनि रक्षा गर्न सक्दैन र सो सरकारले राष्ट्रिय पूँजीपति वर्गको सट्टा विदेशी एकाधिकार पूँजीलाई नै विशेष सहुलियत र सुविधा दिने गर्दछन् । यस्तो पूँजीवादी व्यवस्थामा हाम्रो देशको राष्ट्रिय पूँजीपति वर्गको होइन, विदेशी एकाधिकार पूँजीपति वर्गको सेवा हुनेछ । थाइल्याण्ड र दक्षिण कोरिया यसको ज्वलन्त उदाहरणहरू हुन् । त्यहाँको सबै उद्योग र उद्यमहरू र सबै किसिमको आर्थिका कारोबार विदेशी पूँजीको हातमा छन् र त्यहाँको जनता विदेशी कम्पनीहरूको नोकरको रूपमा मात्र छन् र फुटपाथमा बेच्न साना-तिना कारोबारहरू मात्र उनीहरूको हातमा छन् ।

पूँजीवादी प्रजातन्त्रमा अत्यधिक बहुसंख्यक जनता गरिबी र अज्ञानताबाट कहिल्यै मुक्त हुँदैनन् । शिक्षा धनीकै सन्तानहरूको पेवा बन्छ । गरिबी र भुखमरिले सताइएको जनताले जहिले पनि अर्काकै भरोसामा बाँच्नु पर्ने हुन्छ । यस गरिबी र अज्ञानताको फाइदा

उठाएर पूँजीवादी पार्टीहरूले जनतामा पैसा छरेर चुनाव जित्छन् र जितेपछि उनीहरूले उहीँ शोषण, दमन चालु राख्ने गर्छन् चुनावमा छरिने पैसाले मल्लाहले माछा मार्दा बल्सीमा राखेको चाराको मात्र काम गर्छ । बल्सीको चारा खान जाने माछा पछारे झैँ चुनावमा गरेको खर्चले अज्ञानी जनतालाई पछार्ने गर्दछन् ।

पूँजीवादी देशमा जे हुन्छ पैसावालको निम्ति हुन्छ, त्यहाँ गरिबको निम्ति कुनै कुरोको बन्दोबस्त हुँदैन । पैसा छ भने अस्पतालको काम आयो, होइन भने गरिबहरूले घर-खेत बेचेर औषधि गराउन आउनु पर्छ र त्यो पैसा सिध्यो भने आफ्नो रोग आफैँले बोकेर घर फर्कनु पर्छ । रोग असाध्यै बढ्दै जान्छ, रोगी झन् रोगी हुँदै जान्छन् । दिनको २-३ रुपैयाँको औषधि खान नसकेर मर्ने गर्छ । ताकतको चीज खाने त परै रहोस् । स्कूल, कलेज, विश्वविद्यालयहरू छन् त पैसावालको निम्ति नै छन् । सेन्टजेभियर्स, सेन्टमेरिज, बुढानीलकण्ठ जस्ता स्कूलहरू गरिबले सुंघ्न पनि पाउँदैन । कलेजका, विश्वविद्यालयको चर्को फी गरिबले कहाँबाट तिर्ने ? अनि पहाड र तराईको सर्वसाधारण जनताको सन्तानहरूले कुन पैसाले काठमाडौंमा डेरा भाडा तिरेर यहीँ बसेर पढ्ने ? गरिबको छोरा-छोरीहरूलाई त बाखा चराउने, भैँसी चराउने कामले फुर्सद हुँदैन ।

एउटा पूँजीवादी अर्थविद्‌ले आफ्नो टेलिभिजन अन्तर्वार्तामा भने, ‘पूर्वी जर्मनीमा कम्युनिष्ट व्यवस्थाअन्तर्गत २५ सय डलर पाउने छन् पूँजीवादी पश्चिम जर्मनमा १६ हजार डलर कमाइन्छ । के यो कमाई त्यहाँको २० लाख जनताको बेकारीको शिकार छन् उनीहरूले पनि कमाउँछन् । अर्को कुरो के पूर्वी जर्मनमा र पश्चिम जर्मनमा वस्तुको भाउ एउटै थियो ? पूर्वी जर्मन पश्चिम जर्मनमा मिल्ने बित्तिकै त्यहाँ बेकारीको संख्या ३० लाख भयो, वस्तुको भाउ ६ गुणा बढ्यो । तलब ४ गुणा भएता पनि यदि वस्तुको भाउ ६ गुणा छ भने के यसले जनजीवन सुखी हुन्छ ?’ माथि भनिएको अर्थविद्‌ले भने पश्चिम जर्मनीमा १७ प्रकारको मासु पाइन्छ । सुन्दा लोभ लाग्छ । अहिल्यै पश्चिम जर्मन भागौं कि जस्तो लाग्छ । पश्चिम जर्मन भाग्नु पर्दैन हाम्रो देशमा पनि “विशाल बजार” गए १७ प्रकारको मासु पाइएला, तर कसको निम्ति ? के ती १७ प्रकारको मासु र लोभ लाग्दा सामानहरू हाम्रो निम्ति हो ? मुट्ठीभर धनीहरूको निम्ति हो । हामीले त बाहिरबाट दुकान हेरेर मन रमाउने हो । पैसा नहुने मान्छे भित्र गएर हेर्न पनि पाउँदैन । के यस्तै समाज हामीले बनाउने हो ? हामीलाई विशाल बजार चाहिन्छ तर यसको उपयोग सबै दुनियाँले गर्न सक्ने स्थिति ल्याउनु पर्यो । पूँजीवादी प्रजातन्त्रमा सबै दुनियाँको निम्ति यस्तो बजार बन्दैन, मुट्ठीभर धनीमानिको निम्ति नै बन्छ । हाम्रा अर्थविद् पाकिस्तानमा बस्नु हुन्छ । भन्नु हुन्छ नेपाली कांग्रेसले वहाँलाई चुनावमा टिकट दिए नेपालमा बसौंला, होइन भने धेरै पैसा पाइन्छ पाकिस्तानमै भागौंला । वाह रे देशभक्ति, वाह रे देशको माया ! यो व्यक्तिवादीता पूँजीवादी संस्कारको देन हो । व्यक्तिवादी संस्कार राख्नेहरूसँग न देशको माया हुन्छ न जनताको ।

नेपाली कांग्रेसका नेताहरूलाई यस्तै व्यक्तिवादीहरू मन पर्छ भने व्यक्तिवादीहरूलाई पनि नेपाली कांग्रेस नै मन पर्छ र साम्राज्यवादीहरूलाई खुसी पार्न कम्युनिष्टहरू बारे झूठा प्रचार गर्नु र पूँजीवादको प्रचार गर्नु उनीहरूको योग्यताको प्रमाण ठानिन्छ । आज हाम्रो देश दोबाटोमा उभिएको छ । एक हो प्रजातन्त्रको नाउँमा पूँजीवादी प्रजातन्त्र स्थापना गर्ने र पूँजीवादी विकासको नाउँमा विदेशी पूँजी भित्र्याएर हाम्रो देशलाई उपनिवेशवादमा बदल्ने । भन्नलाई त नेपाली कांग्रेसका नेताहरू आफूलाई प्रजातान्त्रिक समाजवादी भन्ने गर्छन् । विदेशी पूँजी भित्र्याएर देशलाई नवउपनिवेशमा बदलेर देशलाई ऋणमा डुबाएर समाजवादको कुरा गर्नुहुन्छ भने धोखा मात्र हो । साँढे पालेर दूध पाईंदैन । बरु साँढेले हान्ने मात्र गर्छ । विदेशी पूँजीले जनतामा हुकुमशाही व्यवस्था लाद्ने नै काम गर्छ प्रजातन्त्र दिँदैन । यसरी आज नेपाली कांग्रेसले लिएको नीतिले न यहाँ प्रजातन्त्र दीगो रहने छ न यहाँ समाजवाद नै आउन सक्छ ।

स्पष्टतः जबसम्म सामन्ती अधिनायकवादी व्यवस्था अथा पूँजीवादी व्यवस्था हुन्छ प्रजातन्त्र भनेर पनि जनताको हातमा केही पर्दैन । यसै निम्ति आज सम्पूर्ण मेहनतकश जनता मिलेर एक नयाँ व्यवस्था स्थापना गर्नु अत्यन्त जरुरी छ । आज हामी दोबाटोमा छौं । एउटा हो पूँजीवादी प्रजातन्त्रको बाटो जसले हामीलाई नवउपनिवेशवादमा पुऱ्याई दिनेछ । आज हामीले अर्को बाटो रोज्नु छ, त्यो बाटो हो ‘समाजवादतिर लाग्ने राष्ट्रिय प्रजातन्त्रको बाटो । आज सामन्ती अधिनायकवादी तत्वहरूले आफ्नो पार्टीको नाउँ “राष्ट्रिय प्रजातान्त्रिक पार्टी” राखेको हुनाले हामीले आफ्नो कार्यक्रमको नाउँ “राष्ट्रिय प्रजातन्त्र” मात्र नमानि “जनवादी राष्ट्रिय प्रजातन्त्र” भन्ने गरेका छौं ।’ जनवादी राष्ट्रिय प्रजातन्त्रको लक्ष्य हो सम्पूर्ण जनतालाई राजनीतिक र आर्थिक दुबै क्षेत्रमा देशको मालिक बनाउने । यसको निम्ति चुनाव पैसाको बलमा नभएर जनताको इच्छाको भरमा गर्ने । यसको निम्ति खर्चको सीमाना कम गर्ने, चुनावमा सबैको खर्च सरकारले व्यहोर्ने । झूठा प्रचार, गुण्डागर्दी माथि रोक लगाउने । जनतालाई चेतनशील बनाउन सबैको निम्ति कमसे कम प्रवीणता प्रमाणपत्र तह १२ क्लाससम्म शिक्षा अनिवार्य र निःशुल्क गर्ने र त्यसपछि पढ्न चाहनेहरूको निम्ति भत्ताको व्यवस्था गर्ने । निश्चय पनि यो काम तुरुन्त हुन सक्दैन र केही समय लिएर यो काम पूरा गर्न सकिनेछ । हाल तत्काल जनतालाई राजनीतिक रूपले चेतनशील बनाएर संगठित गर्ने । एउटा सिद्धान्तनिष्ठ कम्युनिष्ट पार्टीको नेतृत्वमा नै देशमा “जनवादी राष्ट्रिय प्रजातन्त्र” स्थापना हुन सक्नेछ । सर्वहारा वर्गको नेतृत्वमा मजदूर र मेहनतकश किसानको एकताको आधारमा अरू पनि तमाम क्रान्तिकारी वर्गहरू बुद्धिजीवीहरू, मध्यमवर्गहरू ( कर्मचारीहरू, व्यापारीहरू) राष्ट्रिय पूँजीपतिहरू र सबैसँग एउटा साझा कार्यक्रमको आधारमा संयुक्त मोर्चा बनाएर नै सही राष्ट्रिय प्रजातन्त्र अर्थात जनवादी राष्ट्रिय प्रजातन्त्र स्थापना हुन सक्नेछ । र यसले सर्वप्रथम आफ्नो देशको अर्थ व्यवस्था अर्काको हातमा जानबाट बचाउने छ । देशको खेत, खानी, उद्योगहरू, उद्यमहरू, निर्माण कार्यहरू, व्यापार

नेपाली जनताको हातबाट चलाउने काम गर्छ । राष्ट्रिय पूँजीपतिहरूको बल बुत्ताले नसक्ने ठूलठूला उद्योगहरू, मध्यम उद्योगहरू, इञ्जिनियरिङ्ग उद्योगहरू अर्थात मेशिन बनाउने मातृ उद्योगहरू सार्वजनिक विकासतिर कदम चाल्नेछ र आफ्नो देश विकासको निम्ति चाहिले पूँजीको ज्यादा भन्दा ज्यादा माग आफ्नै देशको माटोबाट निकाल्नेछ ।

जनवादी राष्ट्रिय प्रजातन्त्रले जनतालाई चेतनाविहीन बनाएर होइन, जनतालाई राजनीतिक चेतना दिएर उनीहरूको विश्वास प्राप्त गरेर चुनाव जित्नेछ, जनतालाई पैसा बाँढेर होइन उनीहरूलाई आर्थिक क्षेत्रमा देशको मालिक बनाएर उनीहरूको विश्वास प्राप्त गरी चुनाव जितेर आफ्नो सरकार खडा गर्नेछ ।

स्पटष्तः आजको हाम्रो राजनीतिक कार्य पूँजीवादी प्रजातन्त्रको सट्टा 'जनवादी राष्ट्रिय प्रजातन्त्र' स्थापना गर्नु हुने हो र नेपाली जनताले आज यस दिशामा ध्यान दिनु परेको छ ।

# के मार्क्सवाद असफल भयो त ?

नेपाली कांग्रेसको कार्यबाहक अध्यक्ष तथा प्रधानमन्त्री श्री कृष्णप्रसाद भट्टराईज्यू आफ्नो एक भाषणमा भन्नुहुन्छ, 'व्यवस्थाको रूपमा कम्युनिज्म मरिसक्यो ।'

कम्युनिज्म अथवा साम्यवादको मूल ध्येय हो । सम्पूर्ण जनतालाई शोषण र दमनबाट मुक्त गरेर उनीहरूको जीवन सुखी सम्पन्न र सुनिश्चित गर्नु । मानिस माथि मानिसबाट भईरहेको शोषण, दमन, अत्याचार खतम गरी मानिसलाई यस विश्वको मालिक बनाउनु । जनतालाई आ-आफ्नो देशको मालिकको रूपमा स्थापना गर्नु । यस कार्यलाई पूरा गर्नु कम्युनिज्मको ध्येय हो । स्पष्टतः जबसम्म संसारमा अन्याय, अत्याचार, शोषण, दमन रहन्छ, कम्युनिज्म र मार्क्सवादको औचित्य खतम हुँदैन । साम्यवाद स्थापना भइसकेपछि पनि यसको सुरक्षाको निम्ति मार्क्सवादी सिद्धान्तकै आवश्यकता रही रहनेछ ।

आज सोभियत संघमा आएको गडबडी र पूर्वी युरोपको असफलतालाई देखाएर विश्वका तमाम प्रतिक्रियावादीहरू साम्राज्यवादीहरू र तीनका सेवकहरू भन्ने गर्छन् कि मार्क्सवाद फेल भयो । कहिले काहीँ हवाईजहाज दुर्घटनाग्रस्त भएर खस्ने गर्छ । ठूलठूला महलहरू भूकम्पको धक्कामा ढल्ने गर्छ, साराका सारा शहर बर्बाद हुन्छ, एउटै एटम बमले हिरोशिमा, नागाशाकी जस्ता शहरहरू ध्वस्त भए । त्यहाँका मानिसहरू नष्ट भए ।

के यस्तो घटनाहरूले हवाईजहाज भन्ने कुरो नै असफल साबित हुन्छ, ठूलठूला महलहरू बेकार साबित हुन्छ त ? अथवा मानिसहरू भएर जन्मनु पनि असफल र बेकार साबित हुन्छ ?

राजनीतिमा पनि यस्तो दुर्घटनाहरू अस्वाभाविक होइन । २०१७ सालमा नेपालको प्रजातान्त्रिक व्यवस्था खतम गरी नेपालमा फेरी हुकुमी शासन स्थापना भयो । यस्तै पाकिस्तान, इण्डोनेशिया, फिलिपाइन्स, बर्मा जस्ता देशहरूको प्रजातान्त्रिक व्यवस्था नष्ट गरेर एकपछि अर्को देशमा फौजी शासन कायम भयो ।

हुकुमशाही व्यवस्थाका दलालहरू, यसको फाइदा उठाएर करोडौं करोड कमाउनेहरूले भन्न थाले - नेपालमा प्रजातान्त्रिक व्यवस्था अफाप सिद्ध भएको छ र नेपालको निम्ति हुकुमशाही पञ्चायती व्यवस्था नै निर्विकल्प व्यवस्था भएको छ र यस्तै

नाराको आधारमा नेपालमा ३० वर्षसम्म हुकुमी शासनको बोलबाला रह्यो । बेलायतको प्रजातान्त्रिक क्रान्तिपछि प्रजातन्त्रलाई नष्ट गरेर क्रमवेलको फौजी शासन आएको थियो । फ्रान्सको प्रजातान्त्रिक क्रान्तिपछि अनेकन निरपराध मानिसहरू मारिएका थिए ।

के यो घटनाहरूले प्रजातान्त्रिक व्यवस्था असफल साबित गर्यो ? अथवा के संसारमा फौजी तानाशाहहरू सधैँ भरी टिके ? होइन, बीचमा घटेका दुर्घटनाहरूको बाबजुद बेलायत, फ्रान्स, नेपाल, फिलिपाइन्स इत्यादी देशहरूको प्रजातान्त्रिक व्यवस्था फर्काएर ल्याउन ती देशहरूको जनता सफल भए ? भूकम्पले घर भत्काएकोबाट शिक्षा लिएर मानिसहरूले भूकम्पबाट नभत्कने घरहरू बनाउन थाले । हवाई जहाजहरूलाई झन् झन् परिस्कृत गरेर ल्याए, हवाई जहाज भन्ने कुरोलाई नै त्याग्ने काम भएन ।

समाजवाद माथि आएको संकट यस्तै आकस्मिक दुर्घटना हो, प्रतिक्रान्ति हो । तर यस्तो प्रतिक्रान्ति सधैँ भरी टिकेर रहने छैन । नेपालले हुकुमशाही पञ्चायती व्यवस्था उगाडेर फ्याँके झैँ आज सोभियत संघ र पूर्वी युरोपमा आएको प्रतिक्रान्तिकारी विकृतिलाई पनि त्यहाँका जनताहरूले यथासमय अवश्य उखाडेर फ्याँक्ने छन् । पाइलटको गल्तिले हवाईजहाज दुर्घटना हुन्छ, यस्तै ती देशका नेताहरूको गल्तिले आज ती देशमा स्थापित समाजवादी व्यवस्था नष्ट भएको छ र सोभियत संघ समाजवादी व्यवस्था नष्ट गर्ने बाटोमा गइरहेको छ । यहाँ नेतृत्व राष्ट्रपति गोर्वाचोवको हातमा होइन, एल शिनवादीहरूको हातमा गएको छ । लिगाचोव र रिझकोव जस्ता नेताहरूको विरोधमा पहिले अक्टोबर क्रान्तिले फालेका कुलकहरूको सन्तानहरूले नेतृत्व कब्जा गरिदिएको छ, उनीहरूकै नेतृत्वमा उठेको उभाडले राष्ट्रपति गोर्वाचोव तानिँदैछ । वहाँको सुरुको नारा 'बढी प्रजातन्त्र बढी समाजवाद' अब यो कुरो बिलाएर गएको छ । अब त अमेरिकी दलाल तथा कुलकहरूको सन्तानहरूको बोलबाला छ । समाजवाद माथि एकपछि अर्को प्रहार हुँदैछ । सुरुमा भनिएको थियो, व्यक्तिगत धनलाई निस्क्रिय किन राख्ने, यसै कुरोको आधारमा निजी क्षेत्रमा जोड दिइयो । अब आएर सम्पूर्ण सार्वजनिक क्षेत्र निजी क्षेत्रमा बदल्ने योजना छ । सरकार सार्वजनिक क्षेत्रमा चलेका उद्योग र उद्यमहरू निजी क्षेत्रमा बेच्ने कोशिशमा छ, तर किन्ने मान्छे छैन । यसले स्पष्ट गर्दछ आज सोभियत संघमा निस्क्रिय पूँजी सक्रिय गर्ने मात्र नभएर समाजवादलाई नै जडमूल उखेल्ने षड्यन्त्र भईरहेको देखिन्छ । आज सोभियत संघको नेतृत्व अक्टोबर क्रान्तिले फालेका कुलकहरूको सन्तानहरूको हातमा छ । यही कारण हो आज सोभियत संघको सामूहिक खेतीको जमिन निजी खेतीको नाउँमा ती कुलकका सन्तानहरूलाई नै फर्काउने काम हुँदैछ । भन्नलाई भनियो, 'सम्पूर्ण खेत किसानहरूलाई ।' तर ती किसानहरू खेतमा काम गर्ने किसान नभएर पुराना जमिन्दारका सन्तानहरू हुन्, जसले खेती गर्न पनि जान्दैन । अब पसिना बगाएर खेती गर्ने काम त उनीहरूको खेतमा ज्यालादारीमा काम गर्ने खेतहीन सुकुमबासी किसानहरूले गर्नेछन् । करोडौं किसानहरू भएको रूसमा त्यहाँको जमिन तीन लाख निजी खेतीवाल अर्थात जमिन्दारहरूको हातमा

फर्काइन्दैछ र उनीहरूलाई जमिनको साथै एक अरब रुबल पनि दिइदैछ, जो प्रतिव्यक्ति ४० हजार रुबल पर्छ । सो बिल रूसको संसद्मा पेश हुँदा कम्युनिष्टहरूले विरोध गरेका थिए र स्वयं किसानहरूले पनि विरोध गरेका थिए । यो जमिन जमिन्दारहरूले बेच्न पनि पाउने हुँदा अब जमिन तीन लाखबाट पनि सो खसेर मुट्ठीभर ठूलठूला एकाधिकार पूँजीपति वा जमिन्दारहरूको हातमा जानेछ ।

आज सोभियत संघमा समाजवाद माथि षड्यन्त्र हुँदैछ, पूँजीवाद फर्काईंदैछ । जसको फलस्वरूप पहिले निश्चिन्त जीवन बिताउने जनताहरू आज बेकारीको शिकार हुन गएको छ । महँगाईले आकाश छुन लागेको छ । लेनिनको प्रतिमा सडकमा घिसार्ने काम भएको छ । अक्टोबर क्रान्तिलाई बदनाम गरिँदैछ, पूँजीवाद फर्कंदैछ । ग्लासनोष्ट अन्तर्गतको खुलापन प्रति क्रान्तिकारीहरूको निम्ति मात्र भएको छ । जसले समाजवादको पक्ष लिएर बोल्छन् उनीहरूलाई उल्टै चोर डाँटे कोतबाल भने जस्तै प्रतिक्रान्तिकारीहरू समाजवादी चाहनेहरूलाई 'रुढीवादी' भन्ने संज्ञा दिँदैछन् । र आज सोभियत संघमा सम्पूर्ण जनताहरूको निम्ति प्रजातन्त्र नभएर मुट्ठीभर शोषकहरूको निम्ति प्रजातन्त्र भएको छ र यसले पूँजीवादी प्रजातन्त्रको रूप लिन गईरहेको छ ।

फलस्वरूप सोभियत संघ हर क्षेत्रमा बिग्रन गएको छ । सोभियत संघ टुक्रा टुक्रामा विभाजित हुन पुगेको छ । सोभियत संघबाट निक्लने न्यू टाइम्स साप्ताहिक (अगष्ट २१-२७) अनुसार एकातिर सोभियत संघमा ३० करोड टन अन्न उब्जेको छ भने त्यहाँको २८ करोड जनतालाई यो अन्न प्रतिव्यक्ति एक हजार ७० किलो पर्छ जो उनीहरूलाई एक दिनको निम्ति झण्डै तीन किलो पर्छ । यो अन्न काट्ने मान्छे छैनन्, खेल बर्बाद भएर गइरहेको छ । अर्कातिर दुकानहरू खाली छन् । पहिले वहाँ विद्यार्थीहरूलाई महिनाको ८०-९० रुबलले पुग्थ्यो । अब उही खानाको लागि महिनाको रुबल खर्च २००-३०० चाहिने भएको छ । समाजवादी व्यवस्था माथि प्रहार हुन थालेपछि सबै सामानहरू पूँजीवादी अर्थतन्त्रको छायाँ पर्दा तेब्बर पैसा तिर्नुपर्ने हालतमा छ । राशनको मासु पसलमा मासु दुई रुबल किलोको भाउ छ तर ग्राहकहरूले पाउन मुस्किल छ । त्यही मासु खुला बजारमा ३० रुबलले बेचिँदैछ । पसलमा सामान छैन, काला बजारमा जति पनि पाईन्छ । घरसम्म पुऱ्याउन ल्याइन्छ । अब यातायात भाडा ४ गुणा बढ्ने भएको छ । हाल पसलहरूमा चिनी, चामल यतिसम्म कि तेलसम्म पनि छैन । यसरी आएको सारा सामानहरू बजारबाट दबेर गाई कालाबजारमा महँगो भाउमा देखापरेको छ । समाजवादी अर्थतन्त्रलाई बदलेर पूँजीवादी अर्थतन्त्रले ल्याएको यो फल हो । मार्क्सवाद-लेनिनवादलाई तिलाञ्जली दिएर समाजवादी अर्थतन्त्रले पूँजीवादी अर्थतन्त्रमा पाईलो हाक्दा समस्त सोभियत जनजीवनमा संकट पैदा गरिदिएको छ भने यो मार्क्सवादको असफलता हो वा जनजीवनलाई सुनिश्चित र सुखी बनाउनको निम्ति मार्क्सवाद नै चाहिन्छ भन्ने कुरोको यो प्रमाण हो ?

त्यहाँको केटाकेटीहरू जो पहिले कम्सोमोलको तालिमले अनुशासित असल नागरिक बन्थे अब कम्सोमोल किन चाहियो ? कम्युनिष्ट किन चाहियो ? भन्ने गलत विचारको फलस्वरूप उनीहरू असल नागरिकको रूपमा होइन हुल्लड बाज हल्लाखोर, रातभरी पढ्ने सट्टा गाना-बजाना, रातभरी रक्सी र केटाकेटीहरूको छाडा सम्बन्धमा फसेका छन् ।

समाजवाद माथि हमला गरेर आएको समाज सोभियत संघको उन्नति हो कि अबन्नति हो ? सोभियत संघको विकास हो कि पतन हो ? मार्क्सवाद-लेनिनवादको विरोध गरी स्थापना हुन लागेको पूँजीवादले सोभियत संघ आज उन्नति र विकासतिर होइन, पतनतिर गईरहेको छ ।

स्पष्ट छ, यस्तो व्यवस्था सोभियत संघमा धेरै दिन टिक्ने छैन । यस्तै पोल्याण्डमा कम्युनिष्ट व्यवस्था भत्काएर पूँजीवादी प्रजातन्त्र स्थापना भयो । नतिजा के भयो बेकारीहरूको संख्या ३० लाख पुग्यो । महँगाई छ गुणा बढ्यो । एक रुपैयाँमा पाइने सामान ६ रुपैयाँ पर्ने भयो के यो प्रगति हो अथवा अवन्नति हो ? आश्चर्य छैन कि पूर्वी युरोपमा फेरी एक पटक कम्युनिष्ट नेताहरू चुनिएर आएका छन् ।

बीचमा तुफान आदि व्यहोर्न नपर्ने त कुनै समाज हुँदैन । एक समय थियो द्वितीय विश्वयुद्धको बेला पूरा युरोपबाट पूँजीवादी प्रजातन्त्र उखडेर ती देशहरूमा हितलरको निरंकुश नाजिवादी व्यवस्था स्थापना भएको थियो । चीन माथि जापानले कब्जा गरेको थियो । यसले पूँजीवादी प्रजातन्त्र असल छ र निरंकुश नाजिवाद नै यसको विकल्प हो भन्ने साबित गरेन । १९६० को दशकतिर पाकिस्तान, इण्डोनेशिया, नेपाल जस्ता ठाउँहरूमा प्रजातान्त्रिक व्यवस्था खतम गरी हुकुमशाही व्यवस्था स्थापना भएको थियो । नेपालमा ३० औं वर्ष हुकुमी शासन रह्यो । पञ्चहरूले भन्ने गर्थे त्यो हुकुमी शाही व्यवस्था नेपालको निम्ति निर्विकल्प व्यवस्था हो । फेरी पनि ३० वर्षपछि नेपालबाट हुकुमीशाही व्यवस्था उखाडेर फेरी प्रजातान्त्रिक व्यवस्था फर्काउने काम भयो र यो प्रजातान्त्रिक व्यवस्था २०१५ सालको प्रजातान्त्रिक व्यवस्थाभन्दा अझ उन्नत खालको नै स्थापना भएको छ ।

आजको कम्युनिष्ट व्यवस्थामा आएको संकट यस्तै अस्थायी संकट हो । यदि कम्युनिष्ट शासन हटेर आएको नयाँ पूँजीवादी शासनमा जनजीवन सुखमय भएको भए यदि यसले सम्पूर्ण जनताको जीवन सुखी सम्पन्न र सुनिश्चित गर्न सकेको भए निश्चय पनि कम्युनिष्ट व्यवस्था असफल थियो भन्न सकिन्छ । तर जसै कम्युनिष्ट व्यवस्था उखेडियो, पोल्याण्डमा ३० लाख भन्दा बढी जनता बेकारीको शिकार भए, महँगाई छ गुणा बढ्यो । के यो पूँजीवादी व्यवस्थाको सफलता हो ? यो त कम्युनिष्ट व्यवस्था उखेडिएपछि जनताको के हाल हुन्छ भन्ने कुरोको प्रत्यक्ष प्रमाण मात्र हो ।

धेरै वर्ष अघि अमेरिकी साम्राज्यवादले राखेको नारा हो । (क) कम्युनिष्टको क्षेत्र बढ्न नदेऊ (ख) कम्युनिष्ट क्षेत्रलाई कार्पेट झैं लपेटेर पठाऊ । आज सोभियत संघमा अमेरिकी साम्राज्यवादले बढाएको थियो, नाराले मूर्तरूप लिन लागेको छ र अमेरिकी साम्राज्यवादको यो लक्ष पूर्ति गर्ने कार्यमा स्वयम् सोभियत नेताहरू लागेका छन् । हाम्रो देशका कतिपय कम्युनिष्टहरू मैदान छोडेर भाग्दैछन् र आफ्नो पार्टीको नाम समेत बदलेर कसैले प्रजातान्त्रिक समाजवाद, कसैले समाजवादी प्रजातन्त्र राख्दैछन् । समाजवादको बदनाम गर्ने र जनतामा समाजवादप्रति घृणा फैलाउने षड्यन्त्र आज चालु छ । आजकलको मानिएको अर्थविद् तानिसलाम शतालिन राष्ट्रपति मण्डलको सदस्य हुनुहुन्छ । वहाँले कुन असल कुन खराब हो छुट्याउन नसक्ने शिक्षा दिँदै काला धन्दाको तारिफ गर्दै हुनुहुन्छ । बिक्टर बास्कीन १९९० को डिसेम्बरको सोभियत लाण्डको अङ्क १२ मा लेख्नु हुन्छ, "अर्थविद् सतालिनको शिक्षा कानुनलाई भङ्ग गर्ने खालको मान नभएर सम्पूर्ण समाजलाई भ्रष्ट बनाउने ठगहरूको कुरो हो ।" तर सोभियत संघमा स्तानिस्लान शतालिन जस्ता कै मान मर्यादा बढ्दैछ । स्पष्टतः सोभियत संघको असफलता समाजवाद अथवा कम्युनिष्ट व्यवस्थाको असफलता नभएर प्रति क्रान्तिकारीहरूको षड्यन्त्रको सफलता हो । सोभियत संघ सदा समाजवाद रहनेछ, हो अवश्य यहाँ ग्लासनोष्टको सिद्धान्तअनुसार प्रजातान्त्रिक अधिकार पनि जनताले उपयोग गर्नेछन् हामीलाई समाजवादलाई त्यागेर पूँजीवाद फर्काउने "प्रजातान्त्रिक समाजवाद होईन" समाजवादलाई अझ सुदृढ गर्ने वैज्ञानिक समाजवादको साथै प्रजातन्त्र चाहिएको छ । आफूलाई प्रजातान्त्रिक समाजवादी भन्नेहरूले समाजवादलाई गौण स्थानमा पुऱ्याएर एकतर्फी पूँजीवादी प्रजातन्त्रमा जोड दिई पूँजीपति वर्गको स्वार्थ रक्षा गर्ने कार्यमा जोड दिन्छ । बेलायतमा आफूलाई प्रजातान्त्रिक समाजवादी भन्ने लेबर पार्टीको कैयन वर्ष सरकार रह्यो तर त्यो लेबर पार्टी (मजदूर पार्टी) ले न मजदूर वर्गको समस्या समाधान गर्यो न साम्राज्यवादी नीति नै छोड्यो । आजकल जर्मनीमा कोहलको "प्रजातान्त्रिक समाजवादी" व्यवस्था छ । तर यहाँ महँगी र बेकारी उत्तिकै भरमार छ र पूर्वी जर्मनबाट गएको जनताको जीवन त झन् बर्बाद गरेको छ । आफूलाई प्रजातान्त्रिक समाजवाद भन्ने कोहल सरकारले कम्युनिष्ट पार्टी माथि प्रतिबन्ध लगाई दिएको छ । यही हो प्रजातान्त्रिक समाजवाद । यसै निम्ति हामीलाई चाहिएको जनतालाई अलमल्याउने र पूँजीवादको सेवा गर्ने, साम्राज्यवादको सेवा गर्ने आफ्नो देशलाई नवउपनिवेशवादमा बदल्ने, जनतालाई अर्काको गुलाम बनाउने, समाजवादलाई खतम गरी पूँजीवाद थोपर्ने प्रजातान्तिक समाजवाद होइन, जनताको जीवन रक्षा गर्ने वैज्ञानिक समाजवाद र प्रजातन्त्र चाहिएको छ । जसमा समाजवादको सुरक्षा गर्दै जनताले प्रजातान्त्रिक अधिकारको उपभोग गर्न पाओस् । समाजवाद अथवा मार्क्सवाद प्रजातान्त्रिक व्यवस्थाको विरोधी होइन प्रजातान्त्रिक व्यवस्थाको हिमायती हो र लेनिनले भने जस्तै समाजवाद प्रजातान्त्रिक व्यवस्थाको अझ विकसित रूप हो जसमा मुट्ठीभर पूँजीपतिवर्गहरूले मात्र होइन, सम्पूर्ण मेहनतकश जनताले प्रजातन्त्रको उपभोग गर्न पाओस् । नेपाल कम्युनिष्ट पार्टी जनता छल्ने प्रजातान्त्रिक उपयोग गर्न पाउने समाजवादी सहितको प्रजातन्त्रको पक्षमा छ र राष्ट्रिय प्रजातन्त्र यसको पहिलो खुड्किलो हो

। नेपाल कम्युनिष्ट पार्टी कम्युनिष्ट व्यवस्थामा अहिलेसम्म देखापरेका तमाम नकारात्मक पक्षलाई हटाएर सम्पूर्ण जनजीवनलाई खुसहाल बनाउने खालको समाजवाद र प्रजातन्त्रको पक्षमा छ, जनताले सही मानेमा देशको मालिकको रूपमा बाँच्न र आफ्नो चौतर्फी विकास गर्न सकुन् । हरेक कुरोमा मैल जम्दै आउँछ, हामीले मुख धोएन भने मुख कालो मैलो भएर आउँछ । यस्तै हरेक व्यवस्था, समाजवादी व्यवस्थामा पनि देखा पर्ने नकारात्मक कुरोहरू हटाउँदै यसलाई अझ विकास गर्दै लानु पर्छ, मैलो मुख फाल्ने होइन धुने हो ।

मार्क्सवादी दर्शन द्वन्द्वात्मक भौतिकवादको एक शिक्षा हो हरेक कुरोमा सकारात्मक र नकारात्मक पक्ष हुन्छन् र नकारात्मक पक्षलाई हटाएर सकारात्मक पक्षको वृद्धि गर्नु नै विकासको बाटो हो । अक्टोबर क्रान्तिपछि स्थापना भएको समाजवादी व्यवस्थामा प्रति क्रान्तिकारीहरूको हमलाको सामना गर्न सोभियत संघले तुरुन्तै त्यहाँ प्रजातन्त्र स्थापना गर्न सकेन । त्यसपछि हिटलरको पञ्चामाङ्गीहरूको सामना गर्नु पर्यो, अनि द्वितीय विश्वयुद्ध भयो, विश्वयुद्ध सिद्धिने बित्तिकै अमेरिकाले शीतयुद्ध सुरु गरिदिए । यिनै सबै कारणहरूले सोभियत संघमा समाजवाद स्थापना भएर पनि जनताले प्रजातान्त्रिक अधिकार उपभोग गर्न पाएनन् ।

निश्चय पनि हुकुमशाही व्यवस्था समाजवादको अङ्ग होइन । मार्क्सले घोषणा पत्र लेख्दा त्यसमा अधिनायकवादको कुरो लेखेको थिएन । तर पूँजीवादीहरूले फ्रान्सको कम्युनमाथि हमला गरेर खतम गरेको हुँदा यस्तो प्रति क्रान्तिकारी हमलाबाट समाजवादी व्यवस्था बचाउनको निम्ति मार्क्सले 'सर्वहारा अधिनायकवाद'को कुरो अगाडि बढाए । "यो सर्वहारा अधिनायकवाद" आपतकालीन व्यवस्था हो, स्थायी व्यवस्था होइन । लेनिनको शब्दमा समाजवाद, पूँजीवादी प्रजातन्त्रको विकसित रूप हो । पूँजीवादी प्रजातन्त्रमा प्रजातन्त्रको सम्पूर्ण फाइदा ठूलठूला सामन्तहरू एकाधिकार पूँजीपतिहरू तथा साम्राज्यवादको दलालहरूले मात्र उपभोग गर्न पाउँछन् । समाजवादी प्रजातन्त्र स्थापना गरेर नै समाजवादको रक्षा गर्दै मजदूर, किसान, व्यापारीहरू, कर्मचारीहरू, कलाकारहरू, बुद्धिजीवीहरू र अरू सम्पूर्ण मेहनतकश जनताले देशको आर्थिक क्षेत्रमा मात्र होइन, राजनीतिक क्षेत्रमा पनि मालिक भएर देश र जनताको पक्षमा आफ्नो विचारहरू व्यक्त गर्न सक्ने छन् ।

समाजवादी समाज सँगसँगै आफ्नो मन खोलेर बोल्न सक्ने व्यवस्था अवश्य चाहिन्छ, तर प्रजातन्त्रको नाउँमा समाजवादलाई नै नष्ट गरेर पूँजीवादी फर्कने षड्यन्त्रले कदापि देश र जनताको भलो हुने छैन ।

नेपाल कम्युनिष्ट पार्टी निश्चित रूपले समाजवादको पक्षमा छ र साथै जनताको प्रजातान्त्रिक अधिकार ग्यारेण्टी हुनु पर्छ भन्ने पक्षमा छ । यो प्रजातान्त्रिक अधिकार मार्क्सवादको विपरीतको कार्य अवश्य होइन । समाजवादी व्यवस्थाको विरोध गरेर यसलाई

नष्ट गर्नु नै मार्क्सवाद विपरीतको कुरो हो । मार्क्सवादको अभावमा समाजवादले विकृत रूप लिएर पूँजीवादी व्यवस्थाकै जग मजबुत गर्ने कार्य गर्दछ र हाम्रो जस्तो पिछडिएको देश मजदूर, किसान र बुद्धिजीवी र अन्य मेहनतकश जनताको हीत हुने कार्यमा लाग्ने सट्टा देश र जनतालाई बर्बाद गर्ने कार्य गर्दछ । अनि नेपालमा पूँजीवाद स्थापना गरेर यसले हाम्रो देशको राष्ट्रिय पूँजीपतिहरूलाई पनि विदेशी पूँजीको होडबाट रक्षा गर्न सक्दैन र पूँजीवादको नाउँमा साम्राज्यवादीहरू, नव-उपनिवेशवादीहरू तथा विदेशी एकाधिकार पूँजीको नै देशमा रजाई हुन थाल्छ र आर्थिक र राजनैतिक दुबै क्षेत्रमा र पछि गएर सांस्कृतिक क्षेत्रमा पनि देशमा नवउपनिवेशवादी व्यवस्था स्थापना हुन गई हाम्रो देशको जनता राजनीतिक, आर्थिक र सांस्कृतिक सबै क्षेत्रमा अर्काको दास भएर जिउनु पर्ने हुन्छ । थाइल्याण्ड यसको जिउँदो उदाहरण हो । त्यहाँ सारा कारखानाहरू जापानीहरूको हातमा छ । ठूला व्यापार चीनियाँ पूँजीपतिहरूको हातमा छ र अब भारतीय पूँजीपतिहरू पनि विस्तारै घुस्दैछन् । सडक किनारको सानातिना दुकानहरू मात्र थाईहरूको हातमा छ र थाईहरू आर्थिक क्षेत्रमा अर्काको कामदारको रूपमा जिउन परिरहेको छ । महँगाई चरम रूपमा छ र उनीहरूको जीवन अर्थ संकटबाट कहिल्यै मुक्त छैनन् र फल स्वरूप त्यहाँका महिलाहरूले आफ्नो चरित्र बेचेर जीवन निर्वाह गर्न परिरहेको छ । त्यहाँ यो पतन साम्राज्यवादले थोपरेको संस्कृति हो भने, यो त्यहाँको अर्थ व्यवस्थाको छायाँ हो । मार्क्सवाद-लेनिनवादलाई वास्ता नगर्नेहरूले हाम्रो जस्तो पिछडिएको देशलाई यहीँ हालतमा पुऱ्याई दिन्छ ।

मार्क्सवाद-लेनिनवाद नै त्यो ज्योति हो जसले सम्पूर्ण जनतालाई सही बाटो देखाईरहेको हुन्छ । यो कहिल्यै असफल हुन सक्दैन । भूकम्पले घर भट्कायो भन्दैमा घर असफल भयो यो चाहिँदैन भन्ने कुरो साबित हुँदैन । यस्तै आज ठाउँ-ठाउँमा साम्राज्यवाद षड्यन्त्र सफल भयो भन्दैमा अब मार्क्सवाद असफल भयो, मार्क्सवाद चाहिँदैन भन्ने कुरो साबित हुँदैन । हामी सम्पूर्ण मेहनतकश जनता, मजदूर, किसान, बुद्धिजीवी कर्मचारी र व्यापारी राष्ट्रिय पूँजीपतिहरू समेत मिलेर मार्क्सवादको रक्षा गर्नु छ, आफ्नो देशको राजनैतिक, आर्थिक, सांस्कृतिक र सामाजिक स्वतन्त्रताको रक्षा गर्नु छ र तिनीहरूको विकास गर्दै लानुछ ।

# नेपाल कम्युनिष्ट पार्टी र जनताको प्रजातान्त्रिक अधिकार

कम्युनिष्ट पार्टी यदि सही मानेमा नेपाल कम्युनिष्ट पार्टी हो भने यसले जनताको मानव अधिकार खोसेर पशुत्वमा गिराउने पक्षमा कदापि हुन सक्दैन । हाम्रो पार्टीको लक्ष्य हो जनतालाई पूर्ण मानव बनाउने हाम्रो लक्ष्य हो जनतालाई सही मानेमा, व्यावहारिक रूपले राजनीतिक, आर्थिक, सामाजिक क्षेत्रमा देशको मालिक बनाउने । तसर्थ हाम्रो पार्टी जनताको कुनै राजनीतिक अधिकार खोस्ने पक्षमा छैन । बरु जनताको प्रजातान्त्रिक अधिकार पूर्ण रूपले सम्पूर्ण जनताले उपभोग गर्न पाओस् भन्ने पक्षमा छ । सामन्ती तानाशाही पञ्चायती व्यवस्थाअन्तर्गत जनताको सम्पूर्ण अधिकार खोसेर देशमा साम्राज्यवादीहरू तथा सामन्ती अधिनायकवादीहरूको मनमानी राज चल्दथ्यो भने पूँजीवादी व्यवस्थामा मेहनतकश सर्वसाधारण जनताको निम्ति राजनीतिक, आर्थिक र सामाजिक अधिकार कागजमा नै सीमित रहेर जनताले ती अधिकारहरू व्यावहारिक रूपले उपभोग गर्न पाउने छैन भन्ने कुरो अमेरिका, बेलायत, फ्रान्स, जर्मन इत्यादी पूँजीवादी मुलुकहरूको स्थितिले बताउँछ । दासका मालिकहरूले मानिसहरूलाई बोल्ने पशुको रूपमा व्यावहार गर्दै आएका थिए भने पूँजीपतिहरूले मजदूर वर्गलाई बोल्न सक्ने मेशिनको रूपमा व्यावहार गरेर आएका छन् र मेशिन बिग्रे पूँजीपति वर्गको चित्त दुख्छ भने मजदूर मरे पनि कुनै चिन्ता छैन कारण एउटा मान्छेको बदला अर्को मान्छे मजदूरको रूपमा आई हाल्छ ।

हाम्रो पार्टी मानिसको यो स्थितिबाट मुक्त गरेर मानिसलाई मानिसको रूपमा देख्न चाहन्छ ताकि मानिसले आफूभित्र लुकेको अनन्त शक्तिको विकास गर्न पाउन ।

यसैकारण हाम्रो पार्टीले जनतालाई प्रजातान्त्रिक अधिकार ग्यारेन्टी होस् भनेर जहिले पनि संघर्ष गर्दै आएको छ । २०१४ सालमा नेपाल कम्युनिष्ट पार्टीले जनअधिकार सुरक्षा समिति बनाएर प्रजातान्त्रिक संघर्षमा सक्रिय माग लिएको थियो । हाम्रो पार्टी साथीहरूले लाठी, दण्डा खाए, पानीको फोहराको सामना गरे, जेल गए । ट्रकमा राखेर यत्र तत्र फ्याँक्न लगेर पनि सारा कुरा सहे फलस्वरूप २०१५ सालमा आमचुनाव गराईकन छोडे । २००७ सालमा कम्युनिष्टहरूले भर्खर जन्मेको भएता पनि हाम्रा कतिपय कामरेडहरू फ्रन्टमा बन्दुक लिएर लडेका थिए । हो, अवश्य नेपाली कांग्रेसले कम्युनिष्ट भनेर चिने जानेकाको हातमा बन्दुक जान दिएन र स्वयम् कांग्रेसकै कार्यकर्ताहरू मध्ये धेरैले बन्दु छुन पाएनन् । २०१६ सालको विद्यार्थी संघर्षमा कम्युनिष्टहरूको कम भूमिका थिएन । अनि २०४२ सालको सत्याग्रह आन्दोलनमा कम्युनिष्टहरूले उत्तिकै सशक्त भूमिका निभाए, दण्डा खाए, जेल गए, गोली खाएर मरे । २०४६ सालको जन आन्दोलनमा पञ्चायती तानाशाहीको विरोधमा सबैभन्दा पहिलो झण्डा फहराएर प्रदर्शन गर्ने जन आन्दोलनको उभार ल्याउने काम कम्युनिष्टहरूले नै गरे । अनि कति जेल गए, गोली खाए । यस संघर्षमा कम्युनिष्टहरूको

भूमिका नेपाली कांग्रेसको भन्दा कुनै कम थिएन । यसको मतलब कम्युनिष्टहरूले मात्र जन आन्दोलनमा भाग लिए भन्ने होइन, सम्पूर्ण क्रान्तिकारी जनताले आफ्नो ज्यान अर्पण गरेर यसमा भाग लिएर आखिर विजय प्राप्त गरे ।

यी सबै संघर्षहरू कम्युनिष्टहरूले एक पटक अर्को हुकुमशाही चलोस् भनेर गरेको होइन । नेपालमा प्रजातान्त्रिक व्यवस्थाको जग बसोस् भनेर लागेको र गरेका हुन्, कम्युनिष्टहरू समाजवादीको पक्षमा छ र लेनिनको शब्दमा समाजवाद प्रजातन्त्रको अझ विकसित रूप हो । कम्युनिष्ट पार्टी मुट्ठीभर हुने खानेको निम्ति मात्र होइन, सम्पूर्ण जनताले प्रजातान्त्रिक अधिकार पाओस्, व्यावहारिक रूपले उपभोग गर्न पाओस् भन्ने पक्षमा छ । जहाँसम्म 'सर्वहारा अधिनायकवाद' को सवाल छ यो क्रान्तिबाट स्थापना भएको क्रान्तिकारी सरकारलाई प्रति क्रान्तिकारी शक्तिले नष्ट गर्न नसकोस् भनेर लागू गर्ने आपतकालीन व्यवस्था हो र यो अस्थायी व्यवस्था हो । कम्युनिष्टहरू सम्पूर्ण जनतालाई सदाको निम्ति शोषण दमनबाट मुक्त गर्न चाहन्छन् । शोषण व्यवस्था आर्थिक सबाल हो भने दमन व्यवस्था राजनैतिक सवाल हो । हामीहरू कुनै हालतमा जनता माथि दमन गर्ने पक्षमा छैनौं । कम्युनिष्टहरू सही मानेमा सम्पूर्ण जनता देशको मालिक बनोस् भन्ने चाहन्छ भने यसले जनतालाई राजनैतिक दमन गर्ने र मनमानी राज गर्ने सवालै आउँदैन र जनताको सम्पूर्ण मानव अधिकार तथा राजनैतिक अधिकारको ग्यारेण्टी होस् भन्ने चाहन्छन् । नेपाल कम्युनिष्ट पार्टी प्रजातान्त्रिक बाटो अपनाएर जनताको जनवादी व्यवस्था कायम गर्न चाहन्छ भने यसले 'सर्वहारा अधिनायकवाद' भन्ने नाउँमा अधिनायकवाद चलाउनु पर्ने नौवत नै आउँदैन, यदि हाम्रा विपक्षीहरूले हिंसात्मक प्रतिक्रान्तिकारी कदम उठाएन भने ।

नेपाल कम्युनिष्ट पार्टी प्रजातन्त्रको पक्षमा छ र सदा रहनेछ । जनचेतनालाई नष्ट गर्ने र जनतालाई सुसंगठित हुन नदिने साम्राज्यवादी तथा प्रतिक्रियावादीहरूको चालको भने हामीले अवश्य विरोध गर्ने छौं । हामी प्रजातान्त्रिक तरिकाले नै उनीहरूको सामना गर्ने छौं । नेपाल कम्युनिष्ट पार्टी हर बखत जनताको प्रजातन्त्रको पक्षमा छ र हामी आर्थिक र राजनीतिक दुबै क्षेत्रमा जनता नै व्यावहारिक रूपले देशको मालिक बनोस् भन्ने पक्षमा छौं । यसैकारण हामी जहाँ आर्थिक रूपले समाजवादी व्यवस्थाको पक्षमा छौं राजनीतिक रूपने स्वच्छ प्रजातन्त्रको पक्षमा छौं । यसको पहिलो कदम जनवादी राष्ट्रिय प्रजातन्त्र नै हुनेछ र यहाँबाट प्रजातन्त्रलाई सुदृढ गर्दै सम्पूर्ण जनताको जीवन सुखमय बनाउने समाजवादतिर क्रमशः अगाडि बढ्ने छौं । सम्पूर्ण जनताको प्रजातान्त्रिक अधिकार नै समाजवादमा जाने हाम्रो हतियार बन्नेछ, अथवा हाम्रो मार्ग दर्शक सिद्धान्त हुनेछ । कसैको जायज हक मारेर होइन, सबैका हक सुरक्षा गरेर हामी सम्पूर्ण जनतालाई देशको मालिकको रूपमा स्थापना गर्ने बाटोमा अगाडि बढ्ने छौं । हामी देशको मालिक आफू होइन सम्पूर्ण जनतालाई बनाउने तिर जनताकै शक्ति र क्रियाशीलताको आधारमा अगाडि बढ्नेछौं । सम्पूर्ण कार्य

जनताको निम्ति, जनताद्वारा सम्पन्न हुनेछ । हाम्रो सम्पूर्ण कार्यको केन्द्रबिनदु जनतानै हुनेछ । जनताको निम्ति, जनताको शक्तिले नेपाल द्रूतगतिले विकास गर्दै अगाडि बढ्ने छ ।

हो हर नयाँ क्रान्तिकारी व्यवस्थाको स्थापना पछि पहिलेको शोषक र अत्याचारीहरूले यसलाई उखाड्न प्रयास गर्ने छन् । कम्युनिष्ट व्यवस्था ल्याउन नदिनको निम्ति अमेरिकी साम्राज्यवादको नेतृत्वमा सम्पूर्ण साम्राज्यवादी शक्तिहरू विश्वभरी नै आज पनि अत्यन्त सक्रिय छन् र नेपालमा पनि उत्तिकै सक्रिय छन् र नेपाली जनतालाई विभिन्न राष्ट्रहरू र संगठनहरूमा विभाजित गर्ने र उनीहरूलाई मुर्ख बनाउने कार्यमा हरसम्भव उपायले लागेकै छन् । त्यस बेलाको अमेरिकी सी.आई.ए.को डाईरेक्टर कोल्वीले अमेरिकाको सेनेटमा भने झैं अमेरिकाले विश्वभरी कम्युनिष्टहरूको प्रचारलाई असफल पार्न ८०० वटा संगठनहरू बनाईराखेको छ, जसमध्ये धेरै जसो नक्कली कम्युनिष्ट पार्टीहरू पनि छन् कारण उनीहरूलाई डर छ कहीँ कम्युनिष्ट व्यवस्था स्थापना भयो भने उनीहरूको शोषण क्षेत्र खतम भएर जानेछ । भनिन्छ अमेरिका विश्वको सबैभन्दा धनी देश हो, तर यो धन विश्वभरीको पिछडिएको देशहरूलाई उठ्न नदिएर उनीहरूमाथि शोषण गरेर जम्मा गरिएको धन हो, जुन धनबाट अमेरिकी जनताले होइन, त्यहाँको मुट्ठीभर एकाधिकार पूँजीपति वर्गले नै मोज उडाउने गर्छन् । नेपालमा कम्युनिष्ट व्यवस्था स्थापना भएपछि हाम्रो देशको प्रतिक्रियावादी शक्तिहरू र साम्राज्यवादी शक्तिहरूले नेपालमा स्थापना हुन लागेको नयाँ र क्रान्तिकारी व्यवस्थालाई नष्ट भ्रष्ट गर्ने अनेक उपाय गर्नेछन् । यसप्रति नेपाल कम्युनिष्ट पार्टीले अहिलेदेखि नै अवश्य सजग रहनु आवश्यक छ र भविष्यमा पनि रहनेछ र साम्राज्यवाद र प्रतिक्रियावादको प्रति क्रान्तिकारी कदमको विरोधमा जनचेतना दबाएर होइन जनचेतनालाई अझ व्यापक बनाएर जनतालाई नै सुसंगठित गरेर सामना गर्नेछ र जनताको प्रजातान्त्रिक अधिकार खोसेर र जनता चेतनशील रहनेछ, न सुसंगठित हुनेछ । यसैकारण नेपालको कम्युनिष्टहरू प्रजातन्त्रलाई म्हासेर हुकुमशाही बन्ने पक्षमा कहिल्यै हुन सक्दैन । हामी प्रजातन्त्रको पक्षमा छौं, तर यो प्रजातन्त्र सम्पूर्ण जनताले उपभोग गर्न पाओस् र मुट्ठीभरको पेवा नहोस् भन्ने पक्षमा छौं ।

## बहुदलीय व्यवस्थाको कमजोरी र यसको निराकरण

हुकुमशाी व्यवस्थामा जनताको बोल्ने, लेख्ने, सभा-संगठन गर्ने सारा मानवअधिकार खोसेर आफ्नो मनपरी राज चलाएर जनजीवन बर्बाद गरिराखेको हुन्छ भने बहुदलीय व्यवस्थाले यी सबै कुराहरूको विपरीत जनतालाई मानवअधिकारको ग्यारेण्टी गरी जनतालाई नै देशका मालिकको रूपमा स्थापना गरेको छ, जनताको हातमा सार्वभौमसत्ता आएको छ । यो कुरो

बहुदलीय व्यवस्थाको सकारात्मक देन हो । तर हरेक कुरोमा नकारात्मक कुरो पनि हुन्छ । सुन्तलामा पोषक रस मात्र होइन, आपेण्डिसाइटिस गराउने बिउ पनि हुन्छ । स्पष्टतः सुन्तला खाँदा बिउ फालेर रस खानु पर्छ । यस्तै बहुदलीय व्यवस्थामा पनि नकारात्मक कुरोहरू पनि छन्, नकारात्मक कुरोलाई नकारेर नै बहुदलीय व्यवस्थाले देशको राजनैतिक व्यवस्थालाई पोषण गरेर यसलाई अगाडि बढाउन सकिनेछ । बहुदलीय व्यवस्थाको नाउँमा अनेकन यस्ता पार्टीहरू बनेका छन् जसले बहुदलीय व्यवस्थालाई नाश पनि गर्न सक्छ । पैसा बाँडेर संगठन गर्नु, मारपित, बलजफ्ती गरेर अरू पार्टीलाई चल्न नदिनु छुरा-चैन जस्ता घाटक वस्तुहरू दिएर कार्यकर्ताहरूलाई हिंसात्मक कार्यमा संलग्न गराउनु, झूठा मनगढन्ते कुराहरूको प्रचार गरी अरू पार्टी प्रति घृणा फैलाउने काम गर्नु, जातिवाद, साम्प्रदायिकताको आधारमा राजनीति गर्नु, सैद्धान्तिक र राजनैतिक बहस गर्ने सट्टा मारपिटमा उत्रनु सबका सब बहुदलीय व्यवस्थाको नकारात्मक पक्ष हुन् । राष्ट्रिय स्वार्थलाई अगाडि राखेर संघर्ष गर्ने सट्टा निजी गुटको स्वार्थ अगाडि राखेर संघर्ष गर्नु र अनि यसै संघर्षको दौरान ब्लाकमेल गरेर पैसा असुल गर्नु इत्यादी बहुदलीय व्यवस्थाको नकारात्मक कुरोहरू हुन् ।

हुकुमशाही व्यवस्थाअन्तर्गत प्रजातन्त्रको अभावमा जनताको चेतनाको स्तर दबेको हुन्छ । प्रजातन्त्र आयो । तर यसबेला जनताको चेतनाको स्तर व्यापक हुन पाएको हुँदैन । साथै मेहनतकश जनता गरिबीले सताईएको हुन्छ । जनताको यो चेतनाको कमी र उनीहरूको दरिद्रताको फाइदा उठाएर पूँजीवादी पार्टीहरूले विदेशबाट पैसा ल्याउँदै जनतामा छर्दै जनतामा झूठा प्रचार र गुण्डागर्दी समेत गर्दै जो मत जितिन्छ त्यसैको बलमा सजिलोसँग पूँजीवादी सरकार स्थापना हुन्छ र त्यो पूँजीवादी सरकारले विदेशी पूँजी ल्याउँदै देशलाई ऋणमा डुबाउँदै देशलाई नवउपनिवेशवादको हिलोमा गाडि दिन्छ ।

चुनाव सिद्धान्त राजनीतिको आधारमा हुनु पर्छ न कि पैसाको आधारमा । कमसेकम नेपाली कांग्रेस जस्तो जिम्मेवार पार्टीले झूठको सहारा लिएर पैसा बगाएर जसरी पनि चुनाव जित्ने चलन बन्द गर्नु आवश्यक छ । आपसमा मारपिट बन्द गर्नै पर्छ । बरु जनतालाई आ-आफ्नो पार्टी बढाओस् र चुनावमा भाग लेओस् । यसरी चुनाव जितेर बहुमत ल्याएमा नै बहुदलीय व्यवस्थाको कुनै सार्थकता रहनेछ । अनेक जनजातिहरू दलित जातिहरूको जातीय समस्याहरू छन्, नभएको होइन, यी समस्याहरू पृथकतावादी सिद्धान्त अगाडि बढाएर होइन, राष्ट्रिय समस्याको प्रमुख अङ्गको रूपमा नै समाधान गर्नु जरुरी देखिन्छ । आज पिछडिएको विभिन्न जनजातिहरू, दलित जातिहरूलाई कसरी शिक्षित गर्ने, उनीहरूको सांस्कृतिक स्तर कसरी उठाउने, उनीहरूको स्वास्थ्य रक्षा कसरी गर्ने, उनीहरूलाई कामको ग्यारेण्टी कसरी गर्ने र विकसित जातिहरूको दाँजोमा कसरी पुऱ्याउने भन्ने कुरो राष्ट्रिय समस्याको रूपमा समाधान गर्नु जरुरी छ । जनताको पिछडापन र गरिबी नै देशको पिछडापन र गरिबी हो । यसैकारण स्वस्थ प्रजातान्त्रिक व्यवस्था स्थापना गर्नु

हाम्रो पार्टीको नीति हुनेछ र देश र सम्पूर्ण जनताप्रति बफादार भएर सबैसँग मैत्रीपूर्ण तरिकाले छलफल गरेर सही सिद्धान्तको आधारमा जनचेतना बढाएर संगठनलाई सुदृढ गर्दै लानु हाम्रो नीति हुनेछ । चुनाव पैसाको बलमा होइन सिद्धान्त र कार्यक्रमको आधारमा जनताको सद्‌भावनाको आधारमा जित्नु हाम्रो पद्धति हुनेछ ।

आज हाम्रो अगाडि ठूलो चुनौति छ । त्यो चुनौति जसरी भए पनि चुनाव जितेर सरकार कब्जा गरी आफूले पनि पञ्चहरूको परम्पराअनुसार ढुकुटी भर्नु र मोजमज्जा गर्नु होइन । चुनौति हो यो देशलाई कसरी विश्वको अरू विकसित मुलुकहरूको दाँजोमा पुऱ्याउने, कसरी सम्पूर्ण जनताको चौतर्फी विकास गर्ने, अविकसित जातिहरूलाई उठाएर कसरी विकसित गर्ने, कसरी देशको सम्पूर्ण जनताको जीवन सुख-सम्पन्न र सुनिश्चित गर्ने, जनताको चिन्ता कसरी दूर गर्ने, जनताको आँखाको आँसु कसरी पुछ्ने ? यो कार्य आपसमा गैर सैद्धान्तिक तरिकाले तानातानी गरेर, एकले अर्कालाई पछारेर पूरा हुने छैन । यसलाई पूरा गर्न ठोस सिद्धान्त र कार्यक्रमको आधारमा सम्पूर्ण जनतालाई सही बाटो देखाएर सञ्चालित गर्नुछ । यसको निम्ति जति सकयो उति पार्टीहरू सही सिद्धान्तको आधारमा मिल्ने र मिलाउने र यसरी मिल्न नसक्नेहरूसँग देश र जनताको समस्या समाधान गर्ने खालको साझा कार्यक्रमको आधारमा संयुक्त मोर्चा बनाउने र यो पनि नसक्नेहरूसँग खुलेआम मैत्रीपूर्ण ढङ्गले सैद्धान्तिक र राजनैतिक बहस गरी साझा समझदारीमा पुग्ने । यसरी नै जनचेतना अगाडि बढ्नेछ । सैद्धान्तिक र राजनैतिक संघर्ष कहिले काहीँ संयुक्त मोर्चाका घटकहरूको बीचमा पनि चल्न सक्छ । कुरा लुकाएर जनचेतना बढ्दैन । मैलो लुगा घर बाहिर नै धुनु पर्छ । यसरी हामी एकातिर पार्टीहरूको एकीकरणको पक्षमा छौं भने एकीकृत हुन नसक्नेहरूसँग व्यापक संयुक्त मोर्चाको पक्षमा पनि छौं । हामीले कम्युनिष्टहरू मात्र एक मोर्चामा ल्याएर पुग्दैन, सम्पूर्ण देशलाई सञ्चालित गर्नको निम्ति अरू पनि देशभक्त प्रजातान्त्रिक तत्वहरूसँग व्यापक संयुक्त मोर्चा गर्नु आवश्यक छ । पहिले जनताको स्वार्थ रक्षा गरेर पछि मात्र आफ्नो समस्या हेर्ने परम्परा हामीले पार्टीभित्र कायम गर्नु परेको छ ।

# देश र जनताप्रतिको जिम्मेवारी :-

नेपाल कम्युनिष्ट पार्टीको स्थापना आफ्नो देशमा एक नयाँ समाजको निर्माण गर्नको निम्ति भएको हो । साँच्चै भन्ने हो भने साम्यवादी व्यवस्था आदिकालदेखि मानिसको चाहना हो । यस साहनालाई पूरा गर्नु नै कम्युनिष्ट पार्टीको जिम्मेवारी हो । श्री कृष्णको भनाई थियो 'साम्यवादी विचार राख्नेहरूले यसै पृथ्वीलाई स्वर्ग बनाउँछ, गौतब बुद्धको कल्पना थियो, उत्कृष्ट राज्यको स्थापना गर्नु जु कसैको आँखामा आँशु नआओस् र कसैलाई भिष मागेर खान नपरोस् ।' क्राईष्टको कल्पना थियो 'स्वर्गको राज्य (Kingdom of heaven) स्थापना गर्नु ।' यी सब कल्पनाहरू कल्पना नै रहे, व्यावहारमा आउन सकेन । यसलाई कसरी व्यावहारमा ल्याउने हो भन्ने बाटो देखाउन सकेन । कृष्णले भन्थाने, दुष्टहरूलाई नास गरेर सज्जनहरूको रक्षा गरेपछि यस्तो साम्यवादी व्यवस्था स्थापना हुनेछ । बुद्धले हृदय परिवर्तनको बाटो अपनाए । एक आध ठाउँमा अशोक जस्तो राजा देखा परे तर फेरी पनि विश्वमा उत्कृष्ट राजा स्थापना हुन सकेन, साम्यवादी व्यवस्था पनि स्थापना हुन सकेन क्राईष्टका चेलाहरू त झन् उल्टो साम्राज्यवादी देशमा विकास भयो । जसले विश्वमा स्वर्गको राज्य स्थापना गर्ने सट्टा आफ्नो देशमा शोषण दमनलाई कायम राखे भने, अर्काको देशहरूमाथि पनि कब्जा गरी उनीहरूको राष्ट्रमाथि नै निर्मम शोषण र दमन चालु गरे तथा उनीहरूलाई कहिल्यै सिधैं कब्जा गरेर राज्य गर्थे भने आजकल साम्राज्यवादीहरूले नयाँ चाल चली अर्काको देशमा दलाल सरकार खडा गरी नदेखिने तरिकाले शोषण गर्ने तयाँ तरिका अपनाए । अर्काको देशलाई नयाँ उपनिवेशवादमा बदल्ने नयाँ नीति अपनाए । क्राईष्टको ईच्छालाई साम्राज्यवादीहरूले धुलोमा मिलाई दिए । पवित्र बाईबललाई अर्काको देशमा घुसेर हस्तक्षेप गर्ने र सो मुलुकमाथि कब्जा गरेर त्यहाँ शोषण र दमनको राज्य खडा गर्ने साधन बनाए ।

आदिकालदेखि महापुरुषहरूको ईच्छा + साम्यवादी व्यवस्था स्थापना गर्ने ईच्छालाई व्यावहारिक रूप दिने बाटो सर्वप्रथम मार्क्सले नै देखाए । मार्क्सले भने श्रमिक जनता माथिको शोषण दमन खतम गर्ने हो भने श्रमिक वर्गको आफ्नो पार्टीको जरुरत पर्दछ । कम्युनिष्ट पार्टी यस्तै पार्टी हो, जसको लक्ष्य विश्वमा मानिसले मानिसमाथिको शोषण र दमन खतम गरी एक नयाँ समाज बनाउनु हो । जुन समाजमा बुढा बुढीहरूले मलाई कसले पाल्ला भन्ने चिन्ता लिन नपरोस् केटाकेटीहरूले आमा-बाबु छैन कसले पढाई देला भन्ने चिन्ता लिन नपरोस् र हाम्रो देशको सम्पूर्ण बालबालिकाहरू र युवकहरूले आफ्नो चौतर्फी विकास गर्ने बाटो खुलोस् र हाम्रा आजका बालक-बालिकाहरू र युवक-युवतीहरू भोलिको

महान् व्यक्तित्वको रूपमा संसारमा उभिन सकोस् । र पढाई सिद्धिए पछि कसैले कसैको खुसामद नगरी योग्यतानुसारको काममा नियुक्त हुन सकोस् । सबैको निम्ति कामको ग्यारेण्टी होस् । बिरामीहरूले कसरी औषधि उपचार गर्ने हो, गरी दिने हो भन्न नपरोस् । यस्तो व्यवस्था मुट्ठीभर पैसावालको निम्ति मात्र नभई बिना जातीय अथवा धार्मिक भेदभाव सम्पूर्ण जनताको निम्ति होस् ।

यो पूरा गर्न आज नेपामाल नेपालको वर्ग चरित्र, वर्ग चेतना, आर्थिक अवस्था, सामाजिक संरचना, शिक्षा संस्कृति, धर्म र समाजको आधारलाई दृष्टिगत गरी हाम्रो पार्टी कार्यक्रम "जनवादी राष्ट्रिय प्रजातन्त्र" स्थापना गरेर नै हामीले सम्पूर्ण जनताको समस्या समाधान गरी आफ्नो देशलाई छिटोभन्दा छिटो विकसित मुलुकहरूको दाँजोमा पुऱ्याउन सक्ने छौं ।

यो प्रजातन्त्र पूँजीवादी प्रजातन्त्र नभएर सर्वहारा वर्गको नेतृत्वमा मजदूर किसानको एकताको आधारमा देशका तमाम क्रान्तिकारी वर्गहरू मध्यम वर्ग, बुद्धिजीवी वर्ग, राष्ट्रिय पूँजीपति वर्ग समेतको व्यापक संयुक्त मोर्चा बनाए र सबैको राय सल्लाहले देशको सम्पूर्ण जनतालाई समेटेर पार्टी नेताहरू, पार्टीहरू र जनताले एकमन भएर काम गर्ने व्यवस्था हो । यश, अधिकार पूँजीपति वर्गको अथवा सामन्ती शोषक वर्गको हातमा नभएर माथि उल्लेखित सम्पूर्ण वर्गहरूको हातमा संयुक्त रूपमा रहनेछ र प्रजातन्त्रको उपभोग सबैले गर्नेछन् । यसै निम्ति नै यसलाई राष्ट्रिय प्रजातन्त्र अर्थात् जनवादी राष्ट्रिय प्रजातन्त्र भनिएको हो । यसले सम्पूर्ण जनतालाई आर्थिक शोषण र सामाजिक दमनबाट मुक्त गर्नेछ र देश आर्थिक, सामाजिक, राजनैतिक सबै क्षेत्रमा विदेशीको कब्जाबाट मुक्त रहेर आफ्नै खुट्टामा उभिएर स्वतन्त्र रूपले काम गर्नेछ । हो, अवश्य छिमेकी देशहरूसँग समानताको आधारमा मैत्रीपूर्ण सम्बन्ध राखिनेछ र अन्तर्राष्ट्रिय क्षेत्रमा असंलग्न परराष्ट्र नीति अपनाइनेछ ।

आज नेपाल जस्तो पिछडिएको देशमा समाजवादी व्यवस्था असम्भव छ । बेलायत, फ्रान्स, जर्मन, जापान जस्तो देशमा समाजवादी व्यवस्था नै एक मात्र विकल्प हो । हाम्रो जस्तो पिछडिएको देशमा समाजवादी तुरुन्तै सम्भव छैन । यसको मतलब हाम्रो जस्तो पिछडिएको देशमा पूँजीवादी व्यवस्था नै एक मात्र व्यवस्था हो भन्ने कुरो पनि गलत कुरो हो । कारण नेपालमा पूँजीवादको विकास नभई सकेको हुनाले पूँजीपति वर्ग एउटा यति कमजोर पूँजीपति वर्ग हो कि हाम्रो राष्ट्रिय पूँजीपति वर्गले मात्र देशको कुनै खास विकास गर्न सक्दैन । हाम्रो निम्ति न बजार छ न हामीसँग प्रशस्त पूँजी छ, एउटा साईकल कारखाना खोल्नु पर्यो भेन न राष्ट्रिय पूँजीपति वर्गसँग पूँजी छ न टेकनिक । अरू अनेकौं कारखानाहरू खोल्न त परै रह्यो । अनि कुन बेला देश विकास गर्ने हो ? नेपालको पिछडापन कहिले हट्ने ?

स्पष्टतः नेपालको पिछडापन पूँजीवादी बाटोबाट हट्न सक्ने छैन । बेलायत, फ्रान्समा पूँजीवादको विकास हुँदा विश्वभरी बजार खुल्ला थियो । अर्काको देश कब्जा गरेपछि कच्चामाल, सस्तो श्रम र बजार पाई हाल्यो । यस्तो देश कब्जा गर्नकै निम्ति ठूलठूला युद्धहरू भए, विश्व युद्धहरू भए । बेलायतले ड्रेक र राले जस्ता ठूलठूला समुद्री डाँका पालिराखेको थियो र उनीहरूले समुद्रमा विदेशी महाजनहरूको माल लुटेर ल्याउँथे । यसरी बेलायतको पूँजी जम्मा भयो । हामीसँग अहिले युद्धहरू गरेर मुलुकहरू जितेर कच्चामाल, सस्तो श्रम र बजार कब्जा गर्ने कुनै गुञ्जायस छैन । न त हामीसँग समुद्री डाँका पालेर पूँजी जम्मा गर्न सक्ने स्थिति छ । यस्तो स्थितिमा हामी आफ्नो विकास सम्पूर्ण देशलाई सञ्चालित गरेर मात्र गर्न सक्नेछौं । हामीलाई चाहिएको छ ठूलठूला भारी कारखानाहरू, इञ्जिनियरिङ्ग कारखानाहरू, मेशिनहरू बनाउने मातृ कारखानाहरू, रासायनिक उद्योगहरू र इलेक्ट्रोनिक्स यी सबै कुरोहरू विकास नगरीकन हामीले विदेशी शोषणबाट मुक्त हुन सक्ने छैनौं । कच्चा पदार्थहरू हामीले आफ्नै देशबाट निकाल्नु छ । रासायनिक उद्योगहरू खोलेर हामीले आफूसँग नभएको कच्चा पदार्थहरू आफैंले पनि बनाएर लिन सक्छौं । उदाहरणको निम्ति हामीसँग टायर बनाउने रबर छैन । तर हामीले आलु र सकरखण्डबाट अल्कोहल बनाएर मानव निर्मित रबर बनाएर लिन सक्छौं । यी सबै कुरोहरू हाम्रो राष्ट्रिय पूँजीपतिहरूको बलबुत्ताको बाहिरको कुराहरू हुन् । एक विस्तृत योजना बनाएर राष्ट्रिय स्तरमा नै यी कुरोहरूको विकास हुन सक्नेछन् ।

साम्राज्यवादी अमेरिका हाम्रो राष्ट्रिय उद्योगहरू पनि निजी क्षेत्रमा लाने प्रयासमा छन् यसको निम्ति उनीहरूले नेपालकै अर्थविद्हरू र लेखकहरू लगाएर एउटा मनोवैज्ञानिक वातावरण तयार गर्दै छन् । हामीसँग यस्तो ठूलठूला उद्योगपति छैनन् । जसले विदेशीको होडमा टिकी ठूलठूला भारी उद्योगहरू मातृ उद्योगहरू इञ्जिनियरिङ्ग उद्योगहरू खोल्न सकुन् । मोटर कार, ट्रक, बसका इञ्जिनहरू बनाउने मध्यम कारखानाहरू पनि नेपालको राष्ट्रिय पूँजीपति वर्गले गर्न सक्ने होइन । तर कपडा उद्योग, धागो उद्योग, चिनी जस्तो हल्का कारखानाहरू नेपाल राष्ट्रिय पूँजीपति वर्गले गर्न सक्लान् ।

निजी उद्योगमा मात्र जोड दिँदा औद्योगिक विकासको नाउँमा विदेशी पूँजीपति वर्गले नै हाम्रो अर्थ व्यवस्थामा कब्जा जमाउने छन् । हाम्रो देशको राष्ट्रिय पूँजीपति वर्ग उनीहरूको होडमा टिक्न सक्ने छैन, अर्थ व्यवस्था उनीहरूको हातमा गएपछि राजनीतिक व्यवस्था पनि उनीहरूकै कब्जामा जाने छन् । जसको हातमा अर्थ व्यवस्थ हुन्छ उसकै हातमा राजनीतिक व्यवस्था पनि हुन्छ । राजनीतिक व्यवस्था अर्थ व्यवस्थाको शार रूप मात्र हो, जबकि अर्थ व्यवस्था राजनीतिक व्यवस्थाको विस्तृत रूप हो । यहाँ आफूलाई कम्युनिष्ट भन्नेहरूको पनि भनाई आएको छ, जनवादी चीनले विदेशी पूँजीलाई पनि भित्र्याएको छ । याद गर्नुपर्ने कुरो त्यहाँ संयुक्त लगानी अथवा विदेशी पूँजी जनवादी चीनको विशाल अर्थ

व्यवस्थाको नगन्य भाग मात्र हो । त्यसमाथि चीनको शर्त छ कि विदेशी लगानी भएको कारखानाले चीनियाँहरूलाई पनि टेक्निकल ट्रेनिङ्ग लगानी दिनु पर्छ ।

विदेशी पूँजी संयुक्त लगानीको रूपमा खास खास जटिल टेक्निकलको निम्ति हाम्रो अर्थ व्यवस्थाको सानो भागको रूपमा मात्र लिन सकिन्छ । ज्यादा भन्दा ज्यादा टेक्नोलोजि हामीले आफ्नै परिश्रम र लगनशीलताले निकाल्न सक्नेछौं । कडा मेहनत, गहिरो अध्ययन र मगजलाई खेलाएर एक एक कदम गरी हामीले आफ्नो टेक्नोलोजिको विकास गर्न सक्नेछौं । आत्मविश्वास लिएर अठोत गरी सम्पूर्ण जनतालाई सञ्चालित गरेर हामीले आफ्नै बलबुतामा धेरै धेरै आज असम्भव ठानिएको कुरोहरू सम्भव बनाएर लिन सक्नेछौं । चाहिएको छ लगनशीलता र दृढता । हामीले विज्ञान र टेक्नोलोजिमा धेरै धेरै जोड दिनु परेको छ । हाम्रो देशको विकासको निम्ति दशौं लाख वैज्ञानिकहरू टेक्निसियनहरूको जरुरत छ । यस्तै कुशल प्रबन्धकहरू र अरू अनेकौं विभागहरूमा काम गर्न सक्ने विभिन्न विषयको दशौं लाख विद्वानहरू चाहिएको छ ।

यी सब कुरोहरू पूँजीवादलाई अपनाएर पूरा गर्नु असम्भव छ । न त हामीले खाली सरकारी पूँजीले मात्र यी कुरोहरू पूरा गर्न सक्नेछौं । स्पष्टतः हाम्रो अर्थ व्यवस्थाको मूल आधार सार्वजनिक राष्ट्रिय उद्योगलाई बनाउनु परेको छ भने हाम्रो देशको अर्थ व्यवस्थाको अंगको रूपमा सार्वजनिक राष्ट्रिय उद्योगको वरिपर खास गरी हल्का कारखानाहरू (कपडा, धागो, चिनी तथा साना र घरेलु उद्योगहरू इत्यादी) मा राष्ट्रिय पूँजीपतिहरूको तथा साना औद्योगिकहरूको निजी कारखानाहरू पनि प्रोत्साहन गर्नु परेको छ । पूँजीको श्रोतको विषयमा हामीले हाम्रो पार्टीबाट प्रकाशित 'नेपालको स्वतन्त्र अर्थ विकासको बाटो के हो ?' भन्ने पुस्तिकामा उल्लेख गरिसकेका छौं । सोभियत संघ, जनवादी चीन, जनवादी गणतन्त्र कोरिया इत्यादी देशहरूले आफ्नो पूँजी आफ्नै माटोबाट निकालेको थियो । हामीलाई चाहिले पूँजी पनि हाम्रो माटोमा लुकेर बसेको छ ।

यो अर्थ व्यवस्था न समाजवादी अर्थ व्यवस्था हो, न पूँजीवादी अर्थ व्यवस्था हो । यो अर्थ व्यवस्था जनवादी राष्ट्रिय प्रजातान्त्रिक अर्थ व्यवस्था हो । जहाँसम्म गैर पूँजीवादको सवाल छ मङ्गोलियामा १९२० मा लेनिनले यो लाईन दिँदा त्यहाँ पूँजीवादी अर्थ व्यवस्थाको नाउँ पनि थिएन तसर्थ त्यहाँ पूर्ण रूपमा गैर पूँजीवादी आर्थिक विकास सम्भव भयो । उत्तर कोरियाले गैर पूँजीवादी तरिकाले आर्थिक विकास गर्दा वहाँ पनि राष्ट्रिय पूँजीपति वर्गको निर्माण भएको थिएन । तर नेपालको स्थिति भिन्न छ । यहाँ राष्ट्रिय पूँजीपति वर्ग देखा पर्दैछ । उनीहरूको पूँजी विशेष गरेर व्यापारमा लागेको छ । अझ कतिपयको पूँजी काला धन्दामा लागेको छ व्यापारको पनि आवश्यकता छ तर उद्योग धन्दाको विकास नगरी व्यापारै व्यापारले देशको आर्थिक विकास हुन सक्दैन । यसैकारण उनीहरूको पूँजी बढी भन्दा बढी औद्योगिक विकासमा लगानी गर्न प्रोत्साहन गर्नु परेको छ र उनीहरूको

उद्योगहरूको सुरक्ष र सफलताको निम्ति सरकारसँग एक ठोस योजना हुनु आवश्यक छ र साथै उनीहरूको पहुँच बाहिरको भारी र मध्यम उद्योगहरू सरकारी स्तरमा खोलेर नेपालको अर्थ व्यवस्थामा नेतृत्वदायी भूमिका यसले खेल्नु परेको छ । निजी उद्योगले नभ्याएका हल्का उद्योगहरू पनि सहयोगी उद्योगको रूपमा खोल्दै लानु उत्तिकै आवश्यक छ । यस मानेमा हाम्रो देशको जनवादी राष्ट्रिय प्रजातान्त्रिक अर्थ व्यवस्था गैर पूँजीवादी व्यवस्था हो, कारण हाम्रो अर्थ व्यवस्थाको मूल आधार गैर पूँजीपति अर्थ व्यवस्था हो ।

निजी क्षेत्रमा भएको औद्योगिक विकास धेरै हदसम्म बेकारीको समस्यालाई कम गरे पनि यसले जनताको बेकारी समस्या पूर्ण रूपले हल गर्न सक्ने छैन । यसले परोपकारको काम गरेर व्यक्तिगत रूपले कसै कसैलाई मद्दत गर्न सके पनि सम्पूर्ण जनताको आँखाबाट आँशु पुछ्न सक्ने छैन । यसैकारण मद्दत गर्न सके पनि सम्पूर्ण जनताको साझा सम्पत्तिको रूपमा सार्वजनिक राष्ट्रिय उद्योगहरूको पनि जरुरत परेको हो, जसको आम्दानीले बुढाबुढीहरूलाई भत्ताको इन्तजाम गर्न सकोस्, हाम्रो देशका सम्पूर्ण बालकहरू, युवाहरू-युवतीहरूको निम्ति मुफ्ट पढाईको इन्तजाम गर्न सकोस्, उनीहरूको पढाईनको निम्ति चाहिले सारा खर्च व्यहोर्न सकोस्, सम्पूर्ण जनताको स्वास्थ्य रक्षा गर्नको साथै औषधि उपचार मुफ्ट गर्न सकोस्, सबैको निम्ति कामको ग्यारेण्टी गर्न सकोस्, निराधार महिलाहरूको भरण पोषण गर्न सकोस् । यसरी सम्पूर्ण जनताको आँखाबाट आँशु पुछ्न सकिनेछ र नेपाली जनताको जीवन सुखमय बनाउन सकिनेछ । गाउँघरमा किसानहरूको बस्ति किसानहरूनै बस्ने शहरमा बदली ती बस्तिहरूमा, शहरहरूमा पाइने सम्पूर्ण सुविधाहरूको इन्तजाम गर्न सकिनेछ र उद्योगहरू बढ्नाको साथै खेतमा काम गर्ने किसानहरू कम भएर एक-एक किसानको हातमा ज्यादाभन्दा ज्यादा खेत दिन सकिने छ र ती खेतहरूमा मेशिनहरू र रसायनको प्रयोग गरी वैज्ञानिक तरिकाले खेती गरी ज्यादा भन्दा ज्यादा उब्जाउ गरी किसानहरूको जीवन झन् झन् समुन्नत र सुखमय बनाएर लगाउन सकिनेछ । यस्तो व्यवस्थामा किसानहरूको सन्तान बढ्यो भनेर काम गर्ने खेतको क्षेत्रफल कम भएर जाने छैन र सबैको जीवन सधैँको निम्ति निश्चित रहनेछ । पहाडी इलाकाको छरिएको बस्ति पहिरो नआउने ठाउँ ठानी शहरको रूपमा बसाउन सकिनेछ । यसरी नै सम्पूर्ण जनतालाई देशको मालिकको रूपमा बदल्न सकिन्छ र जनताको हातमा सार्वभौमसत्ता भन्ने कुरो व्यावहारिक रूपले साकार हुनेछ ।

# जनवादी राष्ट्रिय प्रजातन्त्र स्थापना गर्ने बाटो

आफूलाई क्रान्तिकारी भन्ने कुनै कुनै वामपन्थी समूहहरूको नारा रह्यो, 'बन्दुकको नालबाट राजसत्ता आउँछ ।' चीनको खास स्थितिमा यही एक मात्र बाटो थियो । साँच्चै भन्ने हो भने संसारको कुनै देशमा पनि बिना हिंसात्मक क्रान्ति राजनैतिक परिवर्तन हुन सक्दैनथ्यो । २००७ सालको क्रान्तिमा बन्दुकै चलाएर मात्र प्रजातन्त्र आयो ।

तर कुनै कुरोले पनि शाश्वत सत्यको रूपमा काम गर्दैन । हाम्रो पुरानो कहावत थियो, 'दिया तले अँधेरा ।' 'दियोको तल अँध्यारो ।' हुन पनि त्यसबेला यो अकाट्य सत्य थियो । तर समयले बिजुलीको प्रादुर्भाव भयो । अब दिया तले अँधेरा अथवा बिजुलीको तल अँध्यारो भन्ने कुरै हराएर गयो । त्यस्तै का. माओको उक्ति एक समय सही थियो भने आज पनि उही कुरो शाश्वत सत्यको रूपमा काम लाग्दैन । हाल कतिपय देशहरूमा खास गरी इरान, फिलिपाइन्स, बङ्गलादेश र नेपालमा बन्दुकको नालले राजनैतिक परिवर्तन आएन, व्यापक जनआन्दोलनले यी परिवर्तनहरू आए । बन्दुक जनताले चलाएन, प्रतिक्रियावादी शासकहरूले जनआन्दोलन दबाउनको निम्ति चलाए । फेरी पनि शासकहरूले आफूलाई बचाउन सकेन । कोही शासक भागे, कोही पक्राउ परे, कसैले सम्झौता गरे । उनीहरूको बन्दुकको नालले उनीहरूलाई राजसत्ता दिएन, बरु यसैकारण उनीहरू उखेडेर गए ।

नेपालको राजनीतिक परिवर्तन 'बन्दुकको नालबाट राजसत्ता प्राप्त हुन्छ' भनेर जय गर्नेहरूबाट आएन, जनआन्दोलनबाट आयो । हाम्रो तृतीय महाधिवेशनले हिंसात्मक क्रान्ति गर्ने काल्पनिक राजनीति नदिएको हुनाले हामीलाई संशोधनवादी भन्नेहरू मध्ये कसैले पनि बन्दुक चलाएर नेपालको राजनीतिक परिवर्तन ल्याएन, जनआन्दोलबाट नै यो राजनीतिक परिवर्तन आएको छ । रौतहटको २००९ सालको किसान आन्दोलन यसको प्रारूप थियो । त्यसबेलाको किसान आन्दोलनले गर्दा त्यसबेला त्यहाँको स्थानीय सरकार भागेर सीमानापार भारतमा शरण लिन पुगेको थियो ।

ललितपुरको एक विशाल आमसभामा मालेको एक जना नेताले बोल्नु भयो । 'हामी शस्त्र लिएर जन्मेको, हामीले बन्दुकको बलले नयाँ जनवाद ल्याउने छौं ।' जनताले खुशीले तालि बजाए । तर यो वहाँको लफ्फाजी (एजचबकभ्फ यलनभचष्लन) मात्र हो, कि व्यावहारमा लागू हुने कुरो हो ? वहाँहरूको बन्दुक कहाँबाट आउने हो कहाँ राख्ने हो ? अनि वहाँहरूसँग कति गुरिल्ला तयार भयो ? अनि वहाँहरूले हिंसात्मक क्रान्ति गर्दा कहाँबाट

समर्थन पाउने हो ? जबकि त्यो हिंसात्मक क्रान्तिमा वहाँहरूले नेपाल सरकारको मात्र होइन अन्तर्राष्ट्रिय साम्राज्यवादी तथा विश्व प्रतिक्रियावादी शक्तिहरूको पनि सामना गर्नु पर्नेछ । भियतनामको क्रान्ति सोभियत संघको मद्दत बिना १६ वर्ष लडेर पनि छेउ पुच्छर लागेन । त्यसबेला भियतनामलाई जनवादी चीनको मद्दत पाइरहेकै थियो । अन्तमा सोभियत संघको मद्दत पाएपछि बल्ल अर्को ४ वर्ष लडेर भियतनामी जनताले विजय प्राप्त गरे ।

का. माओको एक उक्ति हामीले याद गर्नुछ । चिनी क्रान्तिको दौरान वहाँले भन्नु भएको थियो, 'हाम्रो क्रान्ति हाम्रै सर्वहारा वर्गको शक्तिले मात्र सफल हुने छैन । हामीलाई विश्व सर्वहारा वर्गको समर्थन चाहिन्छ, खास गरेर सोभियत संघको समर्थन चाहिन्छ ।' 'सोभियत संघको मद्दतलाई नामञ्जुर गरे क्रान्ति अवश्य फेल हुनेछ ।' आज स्थिति यस्तो आइपुगेको छ । हामीले सोभियत संघको मद्दत नामञ्जुर गर्ने होइन, अब सोभियत संघ कसैलाई पनि हिंसात्मक क्रान्तिको निम्ति मद्दत गर्ने पक्षमा छैन । न त जनवादी चीन नै यस पक्षमा देखिन्छ । अनि कसको मद्दत अथवा समर्थनले हिंसात्मक क्रान्ति गर्ने ? के अमेरिकी साम्राज्यवादले नेपालमा समाजवादी क्रान्तिको निम्ति मद्दत गर्ने हो ? अमेरिकाले समाजवादी व्यवस्था ध्वस्त गर्नको निम्ति प्रतिक्रान्तिकारीहरूलाई मात्र मद्दत गर्ने हो । अमेरिकाकै चालले आज विश्वबाट समाजबाट एकपछि अर्को ढल्दै गईराखेको छ । अमेरिका कम्युनिष्टहरूलाई पनि मद्दत गर्ने पक्षमा छ, तर त्यो मद्दत समाजवाद ल्याउनको निम्ति होइन, कम्युनिष्टहरूलाई टुक्रा टुक्रा पारेर कम्युनिष्ट आन्दोलन शक्तिहीन बनाउनको निम्ति हो ।

पञ्चाबको जस्तो आतंककारी आन्दोलनको निम्ति पनि कुनै समाजवादी अथवा प्रगतिशील मुलुकहरूले मद्दत गर्ने छैन । यस्तो कार्यमा अमेरिका, पाकिस्तानको जस्तो प्रतिक्रान्तिकारी सरकारले प्रतिक्रान्तिको निम्ति मद्दत गर्ने हो । अनि यस्तो आतंककारी आन्दोलनले देशलाई कहिल्यै नटुंगिने भुमरीमा फसाई दिने हो । जुन भुमरीमा फसेपछि देश ध्वस्त हुने सिबाय यसले कहिल्यै प्रगति मार्गमा अगाडि बढी विकास गर्न सक्ने छैन । यस्तो कार्य नेपाली जनजीवनसँग सरोकार नभएका प्रतिक्रियावादीहरू र साम्राज्यवादीहरूको निम्ति फाइदाजनक भए पनि यसले देश, जनता र देशमा क्रान्तिकारी परिवर्तन ल्याउन चाहने कम्युनिष्टहरूको निम्ति कदापि लाभदायक हुने छैन । अमेरिका तथा अन्य साम्राज्यवादीको सहयोगले क्रान्ति होइन, प्रतिक्रान्ति मात्र हुन सक्नेछ । तसर्थ प्रजातन्त्रलाई अझ विकास गरी जनवादी राष्ट्रिय प्रजातन्त्र स्थापना गर्ने एक मात्र बाटो हो, व्यापक जनचेतना बढाएर जनतलाई सुसंगठित गरी सम्पूर्ण जनताको बलले राजनीतिक परिवर्तन ल्याउने । यस्तो स्थितिमा 'संसदीय भास' भनेर यसबाट अलग रहेर कदापि क्रान्तिकारी शक्ति अघि बढेर शासन सत्तामा पुग्न सक्ने छैन । जनजीवनमा क्रान्तिकारी परिवर्तन ल्याउने कार्यक्रमको आधारमा संसद्मा बहुमत प्राप्त गरेर आफ्नो सरकार कायम गरेर नै कम्युनिष्टहरूले नयाँ समाजको निर्माणमा कदम चालन सक्नेछ ।

‘संसदीय भास’ भनेर संसद्को खिल्लि उडाउनेहरूले न त बन्दुकको नालबाट नै क्रान्तिकारी परिवर्तन ल्याउने छ, न त संसद्बाटै, न त जनआन्दोलनबाटै । खालि लफ्फाजि गरेर, जनता अल्मल्याएर समय मात्र खेर फाल्नेछ । फाल्नु मात्र धोखा नै हुनेछ ।

स्पष्टतः आजको आवश्यकता हो व्यापक रूपले जनचेतना बढाउने र जनताको जुझारू संगठनको निर्माण गर्ने र यसको निम्ति एउटा स्पष्टतः राजनीति लिएर मिल्न सकिने सबै कम्युनिष्टहरू एक भएर काम गर्ने र एकीकृत हुन नसक्नेहरूसँग संयुक्त मोर्चा बनाउने र यसबाहेक देश बनाउन चाहने अरू पनि सबैसँग एउटा वृहद् संयुक्त मोर्चा बनाएर काम गर्ने जुन संयुक्त मोर्चामा कम्युनिष्टहरू मात्र होइन सम्पूर्ण देशभक्त र प्रजातान्त्रिक तत्वहरू पनि रहन सक्नेछन् । आजको स्थितिमा नेपालमा क्रान्तिकारी राजनीतिक, आर्थिक र सामाजिक परिवर्तन ल्याउने हो भने बन्दुकको नाली सम्झेर पुग्दैन, जनचेतना, जनसंगठन, जनताको संघर्षशील शक्ति सबै कुराको याद गर्नु जरुरी छ । बन्दुकको नाली लफ्फाजीमा मात्र सीमित रहने छ र आखिर नेपाली समाजको निर्माण चेतनायुक्त जनताको संगठित तथा क्रियाशील शक्तिले नै गर्नेछ । हो, अवश्य हामी प्रतिक्रियावादीहरूको प्रतिक्रान्तिकारी षड्यन्त्र र उनीहरूबाट हुन सक्ने प्रतिक्रान्ति प्रति पनि सजग भएर उनीहरूसँग हरसम्भव उपायले सामना गर्ने शक्ति पनि तयारै गरेर राख्नु आवश्यक छ ।

## माओवाद वा माओ विचारधारा प्रति हाम्रो दृष्टिकोण

मार्क्सको उक्ति हो, लेनिनको भनाई हो, ‘विश्वको मजदूर वर्ग तथा शोषित पीडित जनता एक हौं ।’ माओको भनाई रह्यो, सम्पूर्ण जनताको ९५ प्रतिशत जनता आफूतिर मिलाउ र ५ प्रतिशत शोषक अत्याचारीहरू र प्रतिक्रान्तिकारीहरूलाई अलग्ग पार । का. माओको नेतृत्वमा चीनको कम्युनिष्ट पार्टीले ३ पटकसम्म छापेको ‘जनक्रान्तिको विजय अमर रहोस्’ भन्ने पुस्तिकामा लेखिएको छ, ‘संशोधनवादीहरूले साम्राज्यवादको सेवामा राष्ट्रिय प्रजातान्त्रिक क्रान्तिकारी आन्दोलनमाथि मित्रघात गर्छन् ।’

का. माओकै अध्यक्षतामा चिनी कम्युनिष्ट पार्टीको केन्द्रीय कमिटीले लेखेको २५ सूत्रीय कार्यक्रमको ८ औं सूत्रमा लेखिएको छ, ‘एशिया अफ्रिका र ल्याटिन अमेरिकाको इलाकाहरूमा राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति र समाजवादी क्रान्ति नै आजको विश्वको

ऐतिहासिक धारहरू हुन् ।' फेरी लेखिएको छ, "राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति विश्व सर्वहारा क्रान्तिको सबैभन्दा महत्वपूर्ण अङ्ग हो ।"

आज आफूलाई माओवादी भन्नेहरू उपरोक्त कुरोहरूको विरोधमा नै गइरहेको देखिन्छ । राष्ट्रिय प्रजातन्त्रको विरोध गर्नु वहाँहरू आफ्नो क्रान्तिकारीताको प्रमाण भन्ठान्छन् । अनि माओवादलाई नेपालको कम्युनिष्ट आन्दोलन टुक्रा पार्ने साधन बनाएका छन् । वहाँहरूको समझदारीअनुसार माओवादी अथाव माओ विचार राख्नेहरूको एक पार्टी हुनुपर्छ, माओ विचार नमान्नेहरूको अर्को पार्टी हुनुपर्छ । यसरी वहाँहरू नेपालको कम्युनिष्ट पार्टीलाई विभक्त गरी देशको सम्पूर्ण मजदूरहरू, किसानहरू र मेहनतकश जनतालाई दुई टुक्रा गराई राख्ने योजना अगाडि ल्याउनु हुन्छ ।

के नेपालको कम्युनिष्ट आन्दोलन माओवादी र नमाओवादीमा विभक्त गराई राख्नाले नेपालको जनआन्दोलन अथवा सामाजिक परिवर्तनमा मद्दत गर्ने छ ? यसरी कम्युनिष्ट आन्दोलनलाई विभाजित राख्न स्वयम् माओत्सेतुङ्गको विचारको विपरीत कुरो हो । माओत्सेतुङ्ग विचारधारा के हो भनेर सोध्यो भने आफूलाई माओ विचारधारा - माओ विचारधारा भनेर जप्दै हिँड्ने । कसै कसैको भनाई छ माओ विचारधारा भनेको 'नयाँ जनवाद हो ।' अनि 'नयाँ जनवाद' भनेको के हो भने मुख बन्द । चाहे माओत्सेतुङ्गको सिद्धान्त दिवस वहाँहरूले यसको स्पष्ट व्याख्या गर्नु पर्दछ, होइन भने यसले जनतालाई धोखा मात्र दिनेछ । जहाँसम्म माओत्सेतुङ्गलाई आदर गर्ने कुरो छ, हामी पनि वहाँलाई आदर दिन्छौं । वहाँ क्रान्तिकारी नेता हुनुहुन्छ, जसको नेतृत्वमा चीनको जनवादी क्रान्ति सफलताका साथ सम्पन्न भयो र चीनलाई साम्राज्यवाद तथा सामन्तवादबाट मुक्त गरेर त्यहाँ एउटा नयाँ व्यवस्था स्थापना भयो । 'नयाँ जनवादी व्यवस्था' जो कालान्तरमा समाजवादमा परिवर्तन भयो । वहाँबाट लेखेका कृतिहरू पढ्न सकिन्छ, तर सुघा भएर होइन । कसैको कृति कण्ठ गरेर कम्युनिष्ट बन्दैन, जडसूत्रवादी मात्र बन्दछ मुर्ख पण्डित बन्दछ । मुर्ख पण्डितहरू हरेक समस्याको समाधान किताब खोलेर खोज्ने गर्दथे । कतिपय कम्युनिष्टहरूको यही चाल छ । के माओत्सेतुङ्गलाई थाहा थियो कि १९४७ मा कस्तो स्थिति उत्पन्न हुन्छ र त्यस स्थितिमा के गर्ने भनेर । यस्तो कुरो न मार्क्सलाई थाहा थियो, न लेनिनलाई । हामीले मार्क्स, एञ्जेल्स, लेनिन, स्टालिन, माओ, किमइल सुङ्ग, क्याष्ट्रो सबैको कृतिहरू पढ्नु पर्छ तर साथै कम्युनिष्ट खेमा बाहिरका महापुरुष र विद्वानहरूको पनि पुस्तकहरू पढ्नु पर्छ । अनि नै हाम्रो दृष्टिकोण व्यापक हुन्छ । तर कसैको कुरो कण्ठ गरेर होइन, ती कुरोहरूलाई केलाएर पढ्नु पर्छ र गौतम बुद्धले भने झैं, 'किताबमा लेखिराखेको भनेर त्यसलाई नमान ।' गौतम बुद्धको भनाई छ, 'मैले भनिराखेको भनेर पनि नमान ।' कुराहरू ग्रहण गर्नुभन्दा अघि यसलाई सुनारले सुन जाँचे जस्तै अनेक तरिकाले जाँच, अनि आफ्नो ज्योति आफै भएर निर्णय गर । यो कुरो बुद्धकै चेलाहरूलाई मात्र काम लाग्ने नभएर सबैलाई काम लाग्ने कुरो हो ।

नेपालमा गुरिल्ला वार नै गरेर मात्र सामाजिक परिवर्तन आउने हो वा अरू पनि बाटो छ भन्ने कुराको जवाफ मार्क्स, लेनिन र माओको किताब पल्टाएर पाउने होइन । यसको जवाफ र समस्याको समाधान हामीले आफ्नो देशको आन्तरिक स्थिति, अन्तर्राष्ट्रिय स्थिति, देशको सामाजिक आर्थिक स्थिति सबै कुरोको विश्लेषण गरेर निकाल्ने हो । जबसम्म आफ्नै दिमाग लगाएर नयाँ समस्याको समाधान खोजिन्न कुनै पनि समस्याको समाधान मिल्ने छैन । मार्क्सलाई कण्ठ गरेर लेनिनको लाईन निक्लने होइन, मार्क्स र लेनिनलाई कण्ठ गरेर माओत्सेतुङ्गको लाईन निक्लेको होइन । चीनको स्थिति अध्ययन गरेर माओत्सेतुङ्गको चीनलाई कसरी मुक्त गर्ने भन्ने लाईन निक्लेको हो ।

हामीले पनि आफ्नो देशलाई साम्राज्यवादी षड्यन्त्र, सामन्ती शोषण दमनबाट कसरी मुक्र गर्ने भन्ने समस्याको समाधान मार्क्स, एञ्जेल्स, लेनिन, स्टालिन र माओको किताब पल्टाएर होइन, ती महापुरुषहरूको भावलाई पक्रेर आफ्नो देशको स्थितिलाई आफैले विश्लेषण गरेर निकाल्नु छ । पण्डितहरूले हर कुरोको समाधान मार्क्सवादी पुस्तकहरू खोजेर निकाल्न चाहन्छौ भने आजको समाजको समस्या पण्डितहरूले समाधान गर्न नसक्ने झैं हामीले पनि देशको कुनै समस्या समाधान गर्न सक्ने छैनौ ।

माओत्सेतुङ्गको कतिपय कुराहरू पुरानो भइसक्यो, कति कुराहरू अझै काम लाग्छ । किताबहरू नपढौं भनेको होइन, आँखा खोलेर पढौं, काम लाग्ने कुराहरू लेउ, त्यसबाट सिकौं, काम नलाग्ने कुराहरू छोडौं । कुरोहरूलाई केलाएर हेरौं । सत्य र तथ्यलाई अपनाऔं । यसको निम्ति कसैले आफूलाई माओवादी नै भन्नु पर्छ भन्ने छैन । आफ्नो पार्टीको नाउँको पछाडि मार्क्सवादी-लेनिनवादी लेखि रहन पनि जरुरत छैन । रामबहादुर नाम राख्दैमा त्यो मान्छे 'राम' जस्तै मर्यादा पुरुषोत्तम बन्दैन, न त बहादुरै बन्छ, हुन सक्छ त्यो मान्छे लाटो पो हो कि । भनाई हो नामको पछाडि पार्टी र कम्युनिष्ट आन्दोलन नफुटाऔं ।

# पार्टीहरूलाई कसरी चिन्ने ?

कुनै पनि पार्टीले आफ्नो पार्टीको नाम जे सुकै राखेता पनि यी पार्टीहरूलाई निम्न लिखित लक्षणहरूले जाँच्न सक्नेछ कि त्यस पार्टी वा पार्टीहरूले भविष्यमा के गर्ने हो ।

क) पार्टीको आर्थिक श्रोत
ख) पार्टीको नेताहरूको वर्ग श्रोत र वर्ग चरित्र

ग) पार्टीको नेताहरूको विगत इतिहास
घ) पार्टीको दर्शन र सिद्धान्त
ङ) पार्टीको कार्यक्रम
च) पार्टीको अन्तर्राष्ट्रिय सम्बन्ध
छ) पार्टीको राष्ट्रिय सम्बन्ध

- खुँखार प्रतिगामी तत्वहरूबाट पैसा लिएर बनेको पार्टीको हातमा प्रजातन्त्र कहिल्यै सुरक्षित रहन सक्ने छैन ।
- सामन्त वर्गबाट आएका र सामन्ती चरित्र भएका नेताहरूले मेहनतकश जनताको मार्का के हो बुझ्नै सक्दैन ।

एउटा बुढो बाहुनले एउटा सामन्तको अगाडि खान पाएन भन्दा 'दूध भात' खाउ भने जस्तै हुन्छ । बेकारी भनेको के हो, भोक भनेको के हो, औषधि उपचार गर्ने पैसा नहुँदा के दुःख हुन्छ केही थाहा नभएका सामन्तहरूको नेतृत्वमा मेहनतकश जनता तथा अन्य जनसाधारणको समस्या कदापि समाधान हुन सक्दैन । बाघको नेतृत्वमा गाईको रक्षा कुनै हालतमा हुन सक्दैन । जसको नेतृत्व साम्राज्यवादी तथा स्वदेशी एकाधिकार पूँजीवादी नेतृत्वसँग घनिष्ट सम्बन्ध रहन्छ ती नेताहरूको हातबाट देश कुनै हालतमा राजनैतिक तथा आर्थिक स्वतन्त्रता स्थायी रहन सक्ने छैन ।

जसरी एउटा सानो विरुवाको पात तथा रङ्ग रूप हेरेर हामी भन्न सक्छौं कि यो विरुवा ठूलो भएर कस्तो रुख बन्ने हो र त्यस रुखमा सुन्तला स्याऊ इत्यादी फल फल्ने हो वा त्यस रुखमा विषको फल फल्ने हो । त्यस्तै कुनै पनि पार्टीले भविष्यमा कस्तो काम गर्ने हो भन्ने कुरो माथि उल्लिखित लक्षणहरूको अध्ययन गरेर हामीले भन्न सक्छौं । जुन पार्टी पैसाको प्रलोभन दिएर, हिंसात्मक आतंक मचाएर, कार्यकर्ताहरूमा छुरि र चेन बाँडेर निर्माण हुन्छ । त्यो पार्टी निश्चित रूपले फाँसिष्ट पार्टीको रूपमा नै विकास हुनेछ । जुन पार्टीको विशेष सम्बन्ध साम्राज्यवादी देशहरू विदेशी एकाधिकार पूँजीपतिहरू र तिनका नेताहरूसँग रहन्छ । त्यस पार्टीले आफ्नो देशको स्वतन्त्र अस्तित्वलाई जोगाउन सक्दैन र त्यस्तो पार्टीको हातबाट देशको राजनीतिक, आर्थिक र सांस्कृतिक स्वतन्त्रता गुम्न गई देश अर्काको नवउपनिवेशमा बदल्न जानेछ । जुन पार्टीको सम्बन्धमा देशको खुँदार सामन्तहरू, प्रतिगामी शक्तिहरू र दरबारिया शक्तिहरूसँग रहेको हुन्छ, त्यस पार्टीले देशलाई फेरी पनि हुकुमशाही व्यवस्थामा जकडि दिने काम गर्छ र जनजीवनलाई बर्बाद गरिदिन्छ ।

जुन पार्टीको श्रोत र नेतृत्व जनताको हत्या गरी रङ्गिएको छ त्यस पार्टीले शक्ति आफ्नो हातमा आएपछि फेरी उही काम दोहोर्‍याउने हो । जिन्दगीमा मुसा मारेर खान पल्केको बिरालोले जपमाला लगाएर कण्ठि बाँधि काशी जान सबै मुसा बटुलेर लगि बाटोमा

मुसा मार्दै खाए जस्तो जनता मार्न र दबाउन पल्केका नेताहरूको हातमा कहिल्यै जनताको प्रजातन्त्र सुरक्षित रहने छैन ।

यस्तै अरू पार्टीका नेताहरूको जीवन इतिहासलाई याद गर्नु अत्यन्त जरुरी छ । हरेक कामको पछाडि एउटा दर्शन हुन्छ, सिद्धान्त हुन्छ । त्यस्तै हरेक पार्टीको कार्य एउटा दर्शनमा आधारित हुन्छ, आफैं खाउँ, आफैं लाउँ र खुबसँग मौकामा कमाउँ भन्ने नेताहरूले आखिर पदमा पुगेपछि उही काम गर्छ । व्यक्तिवादी दर्शन र अहंकार भएको पार्टीले आखिर जनता शोषण दमन गर्ने कार्य कहिल्यै रोक्ने छैन । अरूलाई तुच्छ ठान्ने व्यक्तिले सम्पूर्ण जनतालाई तुच्छ नै सम्झेर काम कारबाही गर्नेछ ।

यसैकारण हरेक पार्टीले लिएको दर्शन र कार्यक्रमलाई गहिरिएर अध्ययन गर्नु अत्यन्त जरुरी छ । हर तरिकाले जाँचेर नै कुनै पार्टीलाई ग्रहण गर्न जरुरी छ । पार्टीको निर्माण सिद्धान्तको आधारमा गर्नु छ, भावावेश (Sentiment) को आधारमा होइन, न त पैसा खर्च गरेर बनेको पार्टी टिकाउ हुनेछ ।

माथि उल्लिखित विभिन्न कसौटीहरूमा जाँचेर नै भविष्यमा कुन पार्टीले के काम गर्छ, देश र जनतालाई कहाँ लान्छ भन्ने कुरो ठम्याउनु परेको छ । यो नियम राष्ट्रिय प्रजातान्त्रिक पार्टीदेखि लिएर के कांग्रेस, के कम्युनिष्ट सबै पार्टीहरू माथि लागू हुन्छ ।

*(यो किताब दुर्गामान खड्गीबाट सहयोग स्वरूप उपलब्ध गराइएको हो ।)*